मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : १६० ★ ने. सं. ११४६ तछला गा, द्वितीया ★ बिहीबार ★ १८ असार, २०८३ ★ July 2 , 2026, Thursday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## सम्पदा संरक्षणको मुख्य उद्देश्य नयाँ पुस्तालाई देशको इतिहास, कला र संस्कृतिसँग परिचित गराउने हुनुपर्ने




भक्तपुर, असार १७। राष्ट्रिय कला सङ्ग्रहालयको ६६ औँ स्थापना दिवसको अवसरमा 'सङ्ग्रहालय सुरक्षा तथा व्यवस्थापनसम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम' को उद्घाटन सत्र सम्पन्न भयो। कार्यक्रमको उद्घाटन भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिले गर्नुभयो।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले राष्ट्रिय कला सङ्ग्रहालयको महत्त्व दिनप्रतिदिन बढ्दै गएको बताउँदै सङ्ग्रहालय अवलोकन गर्न आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढिरहेको उल्लेख गर्नुभयो। उहाँले सम्पदा संरक्षणको मुख्य उद्देश्य नयाँ पुस्तालाई देशको इतिहास, कला र संस्कृतिसँग परिचित गराउनुका साथै विदेशी पर्यटकसमक्ष नेपालको मौलिक सम्पदा प्रस्तुत गर्नु रहेको बताउनुभयो।

नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले सम्पदा संरक्षण र पुन:निर्माणलाई उच्च प्राथमिकतामा राखी काम गर्दै आएको बताउँदै ५५ झ्याले दरबारको पुन:निर्माणका क्रममा भित्तेचित्रलाई सुरक्षित राख्दै पुन:स्थापना गरिएको जानकारी दिनुभयो। उहाँले भित्तेचित्रप्रति विदेशी पर्यटकको विशेष आकर्षण रहने बताउँदै हाडा छेँको पुन:निर्माण पनि त्यहाँ रहेका भित्तेचित्रका कारण प्राथमिकतामा परेको उल्लेख गर्दै भूकम्पका कारण केही भित्तेचित्र जोगाउन नसकिएको भए पनि सुरक्षित राखिएका तस्बिरका आधारमा त्यहाँ रहेका भित्तेचित्र बनाउन दिने अवगत गराउनुभयो।

उहाँले २०७२ सालको भूकम्पले भक्तपुरका सम्पदामा ठुलो क्षति पुऱ्याए पनि भक्तपुर नगरपालिकाले पुन:निर्माण कार्यलाई तीव्रताका साथ अघि बढाएको बताउँदै हालसम्म १७८ वटा सम्पदा मौलिकता कायम राख्दै पुन:निर्माण सम्पन्न गरिएको जानकारी दिनुभयो।

नगर प्रमुख सुनिल प्रजापतिले सम्पदा संरक्षणको महत्त्व नयाँ पुस्तासम्म पुऱ्याउने उद्देश्यले भक्तपुर नगरपालिकाले स्थानीय पाठ्यक्रममार्फत विद्यार्थीलाई सम्पदा, इतिहास, कला र संस्कृतिबारे अध्ययन अध्यापन गराउँदै आएको बताउनुभयो।

उहाँले भक्तपुरलाई सम्पदाले भरिपूर्ण ऐतिहासिक नगरका रूपमा संरक्षण गर्ने लक्ष्यअनुसार नगरभित्र रहेका सबै संरचनालाई मौलिक शैलीमै पुन:निर्माण गर्ने नीति अवलम्बन गरिएको उल्लेख गर्दै ९९ चोक संरक्षण र पुनर्जीवित गर्ने उद्देश्यका साथ नगरपालिका अगाडि बढिरहेको बताउनुभयो। उहाँले मौलिक पहिचान जोगाउँदै सम्पदाको संरक्षण गर्नु नै भावी पुस्ताप्रतिको जिम्मेवारी भएको धारणा व्यक्त गर्नुभयो।

नगर प्रमुखले भक्तपुर नगरपालिकाले आन्तरिक पर्यटक केन्द्रित बजेट निर्माण गर्दै आएको बताउँदै भक्तपुरको मौलिक सम्पदा, संस्कृति र परम्परागत वास्तुकलाप्रति आकर्षित हुने आन्तरिक पर्यटकको सङ्ख्या निरन्तर बढिरहेको छ भन्नुभयो।

उहाँले नगरपालिकाले मौलिक शैलीमा घर निर्माण गर्ने घरधनीलाई

*बाँकी पृष्ठ २ मा*

## जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप – ४२

**सुरज पराजुलीको कागज व्यहोरा :**

२०८२/०५/२३ गते म पसलमै थिएँ। करिब ११.०० बजेदेखि ११:३० बजेतिर संसद् भवनअगाडि अकस्मात ठुलो भिड आइपुग्यो। भिडमा स्कूल-कलेज ड्रेसका विद्यार्थीहरूसमेत थिए। भिडले प्रहरी र स्थानीयका घरहरूमा ढुङ्गामुढा गरे। गोली चलेको आवाज पनि आइरहेको थियो। यसैक्रममा चोकमा रहेको आकासे पुलमुनि एकजना गोली लागेर ढलेको देखेँ। राति सामाजिक सञ्जालबाट १९ जनाको मृत्यु र धेरै प्रदर्शनकारी घाइते भएको थाहा पाएँ। प्रहरीले महत्त्वपूर्ण प्रतिष्ठान जोगाउन गोली चलाएको जस्तो लाग्छ।

**सरोज टन्डनको कागज व्यहोरा :**

म संसद् भवनको पश्चिम-दक्षिण कुनाको पारि चोकमा यात्रु प्रतिक्षालयसँगै रहेको क्याफेमा दुई वर्षदेखि क्यासियरको काम गरिरहेको छु। २३ गते अन्दाजी ११:३० बजेतिर संसद् भवनको पश्चिम र दक्षिणतर्फको सडकभरि मानिस जम्मा भएका थिए। भिडमा स्कूल-कलेज युनिफर्ममा विद्यार्थीहरू थिए। भिडले सडकमा रहेको बार, रेलिङ, बिजुलीका पोल र सीसी क्यामेरा तोडफोड गरे। प्रहरीले पनि पानीको फोहरा र लाठीचार्ज गर्दै थियो। केही मानिस पिक, रड, हम्मरसमेतले संसद् भवनको पर्खाल भत्काउँदै थिए भने केही मानिस पर्खाल नाघ्दै संसद् भवनभित्र छिर्दै थिए। करीब २ बजेतिर गोली लागेर हाम्रो क्याफे अगाडि सडकमा एकजना र चोकमा एकजना गरी दुईजना ढलेको देखेको हुँ। दिनभर प्रहरी र भिडबिच दोहोरो हानाहानजस्तै भइरह्यो।

**अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र परिसरमा रहेको राष्ट्रिय वाणिज्य बैङ्कको सुरक्षागार्ड हरिराम थापा मगरको कागज व्यहोरा :**

भदौ २३ गते बिहान करिब ११:०० बजेदेखि भिड र प्रहरीबिच घम्साघम्सी भयो। अश्रुग्यास, लाठीचार्ज तथा गोली फायर पनि भयो। भिडले ढुङ्गा हानेर हाम्रो कार्यालयको उत्तरतर्फका सिसाहरू फुटाइदिए।

भदौ २४ गते प्रदर्शनकारीहरू बिहान करिब ११:३० बजेतिर ३ नम्बर गेट तोडेर संसद् भवन प्रवेश गरे। उनीहरूले संसद् भवनलगायतबाट टेबल, कुर्सी, पानीको जार, ग्यास सिलिन्डर, ल्यापटपलगायत जे भेट्यो ओसारिरहेका थिए। २४ गते साँझ करिब १९.३० बजेको समयमा प्रदर्शनकारीहरूले नेपाल वाणिज्य बैङ्क बानेश्वर कार्यालयमा आगजनी गरी करिब ५ करोड नगद र १८ केजी सुन तथा चाँदीसमेत लुटी लगे।

**अधिवक्ता पार्वती के.सी.को कागज व्यहोरा :**

२०८२ भदौ २४ गते कर्फ्यु लागेको जानकारी भयो। राज्यविरोधी, अराजक, हिंसात्मक समूहका व्यक्तिहरूले घुसपैठ गरी आन्दोलन भड्काएर सङ्घीय संसद् भवन र भवनको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीहरूमाथि आक्रमण गरेको हो। सुरक्षाकर्मीहरूले बाध्यात्मक अवस्थामा संसद् भवनको सुरक्षा र आफ्नो आत्मरक्षाको निम्ति गोली चलाएको भन्ने मेरो बुझाइ छ। आक्रमण योजनाकारहरूको पहिचान गरी कानुनबमोजिम सजाय हुनुपर्छ।

**सुनिल दासको कागज व्यहोरा :**

२०८२/५/२३ गते अन्दाजी ११:०० बजेतिर नयाँ बानेश्वर चोकमा जम्मा भएको भिड अराजक हुँदै पिक, कुटो, फलामे रडले संसद् भवनको गेट पर्खाल भत्काइरहेका थिए। भिडका केही व्यक्ति प्रहरीको ड्युटी पोस्टमा चढेर प्रहरीको हतियार तान्न खोज्दै थिए। यही बिच प्रहरीले कर्फ्यु लागेको माइकिङ गर्दै थियो। तर, भिडले कर्फ्युको पर्वाह नगरी तोडफोड गरे। संसद् भवनको दक्षिण गेटमा आगोसमेत लगाइयो। यसक्रममा १०/१५ वटा जति गोली चलेको आवाज सुनेँ। अन्दाजी १५:३० बजेतिर संसद् भवनको पश्चिम गेट नजिक दुईजना सडकमै ढलेको देखेको थिएँ।

**राम श्रेष्ठको कागज व्यहोरा :**

म बानेश्वरस्थित सङ्घीय संसद् भवनको पश्चिम गेटअगाडि मोबाइल पसल सञ्चालन गरी बस्छु। २०८२ भदौ २३ बिहान १०-११ बजेदेखि प्रदर्शनकारीहरू भेला भएका थिए। सोही क्रममा प्रदर्शनकारीहरूको एक समूहले संसद् भवनभित्र प्रवेश गर्न उक्साउने, केही बुलेट मोटरसाइकलमा आएकाहरूले ठुलठुलो आवाजमा कुदाएर भिडलाई उत्तेजित बनाउन थाले। त्यसपछि प्रदर्शनकारीहरू ब्यारिकेड तोडेर अगाडि बढे। प्रदर्शनकारीहरूले सुरक्षाकर्मीलाई गोली चलाउनेसम्मको बाध्यात्मक अवस्थामा पुऱ्याएको हो। भदौ २४ गते बिहानदेखि ठुलो सङ्ख्यामा भेला भएका प्रदर्शनकारीहरूले विभिन्न घरेलु हतियार, पेट्रोल बम, प्रज्वलनशील पदार्थ बोकेर सुरक्षाकर्मीहरूमाथि आक्रमण गर्ने, कुटपिट गर्ने, सवारी साधन तोडफोड गर्ने, संसद् भवनको पर्खाल भत्काउने, आगजनी तथा लुटपाट गर्ने काम गरेका हुन्।

**नवीन बस्नेतको कागज व्यहोरा :**

म भदौ २३ गते संसद् भवन उत्तर-पूर्वको एक होटलमा थिएँ। समय यकिन भएन, बाहिर निस्किएर हेर्दा भिडले ढुङ्गामुढा, गुलेली प्रहार गरिरहेका थिए। TOB लेखेको ज्याकेट लगाएका मानिसहरूले अस्वाभाविक रूपमा बाइक कुदाउँदा भिड झन् आक्रोशित भएको थियो। संसद् भवनभित्र रहेका सांसदहरू एम्बुलेन्स चढेर बाहिर निस्कन खोज्दा झन् तनाव बढेको थियो।

अधिकांश मधेसी समुदायजस्ता देखिने मानिस रहेको भिडले संसद् भवनभित्र प्रवेश गरेर आगजनी तथा तोडफोड गरी सरसामानसमेत लुटपाट गरेको देखेको हुँ। भदौ २४ गते नेपाली सेनाकै उपस्थितिमा आगजनी भए पनि सेना मूकदर्शक बनिरह्यो। भदौ २५ गतेमात्र दमकलले आगो निभाएको हो।

व्यङ्ग्यचित्र कुना




## ९९ चोक क्षेत्रको पर्यटक शौचालय पुन: निर्माणबारे

भक्तपुर नगरपालिकाको दरबार क्षेत्र र टौमढी क्षेत्रमा अचेल स्वदेशी तथा विदेशी पर्यटकहरूको घुइँचो लाग्ने गरेको छ। पर्यटकको घुइँचोले त्यहाँ शौचालयको कमी धेरैले अनुभव गर्ने गरेका छन्।

गत भदौ २४ को उपद्रोमा सिलु महादेवको उत्तरतिरको शौचालयमा उपद्रोहीहरूले आगजनी गरी माथिल्लो तला ध्वस्त पारेका थिए। हाल सो शौचालय जगैदेखि भत्काएर पुन: निर्माण कार्य सुरु गरिएको छ।

नगरपालिकाको आव २०८३/०८४ को बजेट वक्तव्यमा सम्पदा र संस्कृति संरक्षण शीर्षकमा '... गरिने' भनी स्पष्ट उल्लेख गरिएको छ। सम्पदा र सांस्कृतिक संरक्षण खण्डको अर्को बुँदामा 'भक्तपुर दरबार क्षेत्रमा रहेका ऐतिहासिक ९९ चोकहरूको उत्खनन र पहिचान कार्यलाई निरन्तरता दिने...' कुरा उल्लेख छ।

९९ चोक क्षेत्रभित्र जिल्ला प्रशासन कार्यालय, शारदा मावि, तुलाछेँ क्षेत्र, विद्यार्थी निकेतन मावि, पद्म मावि आदि पनि पर्ने प्रारम्भिक अनुमान छ। सायद यही कारण २०७२ को भूकम्पले क्षति पुगेको दरबार क्षेत्रको स्कूल (शारदा बाहेक) आजसम्म अरु पुन: निर्माण हुन सकेको छैन। तर, शौचालय पुन: निर्माण कार्य आधुनिक प्रविधि प्रयोग गरी बनाउँदै छ। यस कार्यले भक्तपुरमा नगरपालिकाबारे विभिन्न टीकाटिप्पणी सुरु भएको छ। ९९ चोक क्षेत्रभित्र आधुनिक प्रविधि प्रयोग गरी शौचालय बनाउन मिल्छ कि मिल्दैन ? यसबारे सामाजिक सञ्जालमा प्रचार भइरहेको छ। शारदा मावि मौलिक शैली प्रयोग गरी पुन: निर्माण हुन सम्भव भए सानो एक-दुईतले शौचालय किन त्यसरी नै नबनाउने ?

यसबारे पुन: विचार गरी मौलिक शैलीमै शौचालय पुन: निर्माण गर्नुपर्ने नगरवासीको आवाजतर्फ नपाको ध्यान जाओस् !

*– भक्तपुरबासी*





ऐतिहासिक नगरी खोकना उठीबास हुने गरी काठमाडौं -तराई द्रुत मार्गको सुरुवात पार्किङ स्थल बनाउने सरकारको निर्णयको विरोधमा जनसरोकार समिति खोकना-बुङमतिको आयोजनामा नेपाली सेनाको सडक निर्माण कार्यदल बेस क्याम्प अगाडि र खुडोलस्थित अधिग्रहण गरिएको खेतमा रोपाइँ अघि सामूहिक तस्बिर खिचाउँदै आन्दोलनरत किसानहरू असार १५ गते सोमबार ।

*तस्बिर : मजदुर दैनिक*

# ‘लार्भा खोज र नष्ट गर’ कार्यक्रम सञ्चालन गर्दै कामपा

काठमाडौँ, १७ असार । काठमाडौँ महानगरपालिको लामखुट्टेको टोकाइबाट लाग्ने डेङ्गु रोग नियन्त्रणका लागि लार्भा खोज र नष्ट गर कार्यक्रम सञ्चालन गर्ने भएको छ ।

पछिल्लो समय डेङ्गुका बिरामी बढ्न थालेपछि यही असारभित्र नै कार्यक्रमको पहिलो चरणअन्तर्गत सबै वडामा लार्भा खोज र नष्ट गर कार्यक्रम सञ्चालनको रणनीति तयार भएको जनाइएको छ ।

उक्त अभियानका लागि कामपाले स्वास्थ्यकर्मी, स्वास्थ्य स्वयंसेविका र समुदायमा आधारित सङ्घसंस्थाका प्रतिनिधिलाई तालिम दिएर खटाउने तयारी गरेको कामपा महामारी रोग रोकथाम तथा निन्त्रण कार्यक्रमका सम्पर्क व्यक्ति ऋषिप्रसाद भुसालले जानकारी दिनुभयो ।

उहाँका अनुसार कामपाले यस वर्षको बर्खायामको प्रारम्भसँगै डेङ्गु नियन्त्रणका लागि तालिमप्राप्त एक हजार ६५० जना जनशक्ति परिचालन गर्ने तयारी गरेको छ ।

महिला स्वास्थ्य स्वयंसेविका, स्थानीय क्लब, टोल सुधार समिति, आमा समूहलगायत सङ्घसंस्थाका प्रतिनिधिलाई तालिमको लक्षित समूहमा राखिएको छ । यो तालिमपछि तालिमप्राप्त जनशक्तिलाई वडाका विभिन्न स्थान छुट्याएर डेङ्गु सार्ने लामखुट्टेका लार्भा खोज्ने र नष्ट गर्ने अभियान सञ्चालन हुनेछ ।

उहाँले भन्नुभयो, “डेङ्गु सङ्क्रमण दरमा कमी ल्याउने, डेङ्गुका कारण हुने मृत्युदर घटाउने, डेङ्गु रोग रोकथाम तथा नियन्त्रणका लागि राष्ट्रिय लक्ष्य राखिएको छ । निगरानी तथा अनुगमन प्रणाली सुधार, कीट नियन्त्रण, जोखिम सञ्चार तथा सामुदायिक सहभागिता, स्वास्थ्य प्रणालीको पूर्वतयारी तथा प्रतिकार्य, नेतृत्व, बहुक्षेत्रीय सहकार्य र कार्यक्रम व्यवस्थापन सुधार, अनुसन्धान र नवप्रवर्तन कार्यक्रमका रणनीति हुन् ।”

मनसुन सुरु भएसँगै साउन महिनाबाट क्रमश: डेङ्गुको सङ्क्रमण फैलिँदै जाने र कार्तिक, मङ्सिरमा उच्च सङ्क्रमण देखिन्छ । अहिलेबाट नै प्रतिकार्य गर्न सकियो भने विगत वर्षको भन्दा यस वर्ष सङ्क्रमणदर घटाउन सम्भव छ ।

डेङ्गु सङ्क्रमण फैलाउने लामखुट्टे पानी जम्ने सडक, सडकपेटीका खाल्डाखुल्डी, करेसाबारीमा रहने गमला, पानी जम्मा गरी राखिएका भाँडा, टायर, कौसी र बरण्डामा जम्ने पानी लामखुट्टेको सङ्ख्या वृद्धि हुने ठाउँ भएकाले यस्ता ठाउँमा पानी जम्न दिनु हुँदैन ।

एडिस जातको सङ्क्रमित लामखुट्टेले पारेको अण्डाबाट लार्भा हुँदै निस्क्ने लामखुट्टे वयस्क भएपछि यसले मानिसलाई टोकेमा डेङ्गु रोग लाग्छ । सामान्यतया सङ्क्रमित लामखुट्टेले टोकेको चारदेखि सात दिनभित्र कडा रूपमा ज्वरो आउने गर्दछ । ***रासस***

# राहदानी खरिदसम्बन्धी विषयमा जर्मनी दूतावासको स्पष्टोक्ति

काठमाडौँ, १७ असार । नेपालस्थित जर्मनी दूतावासले राहदानी खरिदसम्बन्धी विषयमा सार्वजनिक भएका समाचारकाबारेमा आफ्नो भनाइ स्पष्ट गरको छ ।

दूतावासले सो सम्बन्धमा बुधबार सामाजिक सञ्जाल फेसबुकमार्फत स्पष्ट पार्दै जर्मनीस्थित नेपाली कार्यवाहक राजदूतलाई जर्मनको सङ्घीय विदेश मन्त्रालयमा भएको बैठकमा उपस्थित हुन निमन्त्रणा गरिएको तर बोलावट नगरिएको जनाएको छ ।

साथै दूतावासले कुनै विरोधपत्र वा अन्य कुनै दस्तावेज हस्तान्तरण नगरिएको स्पष्ट पारेको छ । मुद्दाको प्रक्रियाको नतिजाका आधारमा हुनसक्ने सम्भावित परिणामबारे कुनै चेतावनी नदिइएको दूतावासले उल्लेख गरेको छ ।

“न्यायपालिकाको स्वतन्त्रतालाई जर्मनीले पूर्ण सम्मान गर्दछ । वास्तवमा, यो सिद्धान्त हाम्रो संविधानमै सुनिश्चित गरिएको छ । सिद्धान्तत: दूतावासले अदालतमा विचाराधीन मुद्दाका बारेमा टिप्पणी गर्दैन र यस प्रकरणमा पनि कुनै चरणमा टिप्पणी गरेको छैन,” दूतावासले उल्लेख गरेको छ । ***रासस***

# विश्वकप फुटबल फ्रान्सद्वारा स्विडेन पराजित

काठमाडौँ, १७ असार । फिफा विश्वकप फुटबल प्रतियोगिताअन्तर्गत बुधबार बिहान भएको खेलमा फ्रान्स स्विडेनलाई पराजित गर्दै अन्तिम १६ मा पुगेको छ । अमेरिकाको न्यूयोर्कस्थित न्युजर्सी रङ्गशालाा भएको खेलमा फ्रान्सले स्विडेनलाई ३-० गोलअन्तरले पराजित गऱ्यो । फ्रान्सको जीतमा खेलको ४५ औं र ७४ औं मिनेटमा किलियन एम्बाप्पेले गोल गरे भने खेलको ५३ औं मिनेटमा ब्राडली बारकोलाले गोल गरे । अब अन्तिम १६ मा फ्रान्सले पाराग्वेको सामना गर्नेछ ।

अन्तिम-३२ को खेलअन्तर्गत गए राति भएको खेलमा नर्वेले आइभरी कोस्टलाई २-१ गोलअन्तरले पराजित गरेको थियो । साथै आज बिहान ६:४५ बजे मेक्सिको र इक्वेडोरबिच खेल हुँदैछ ।

# सवारी दुर्घटनामा युवतीको मृत्यु

काभ्रेपलाञ्चोक, १७ असार । अरनिको राजमार्गअन्तर्गत पाँचखाल नगरपालिका-४ मा बुधबार विद्युतीय गाडीले स्कुटलाई ठक्कर दिँदा स्कुटर चालकको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार काठमाडौँबाट बाल्हबिसेतर्फ गइरहेको गाडीले बाटो पार गर्न लागेको स्कुटरलाई ठक्कर दिँदा त्यसकी चालक २४ वर्षीया मीनकुमारी श्रेष्ठको मृत्यु भएको हो । उक्त वाहन र त्यसका चालक कर्णबहादुर कार्कीलाई प्रहरीले नियन्त्रणमा लिएको छ । ***रासस***

# परीक्षा सकिएको सातौँ दिनमा परीक्षाफल

वाग्मती, १७ असार । वाग्मती विश्वविद्यालयले विश्वविद्यालयअन्तर्गत सञ्चालित तीनवटा सङ्कायको पहिलो सेमेष्टरको परीक्षा सकिएको एक हप्ताभित्रमा नतिजा प्रकाशित गरेको छ ।

विश्वविद्यालयले समयसापेक्षा गुणस्तरीय शिक्षासँगै परीक्षा प्रणालीलाई पनि प्रभावकारी बनाउँदै परीक्षाफल समयमा नै प्रकाशन गर्ने लक्ष्यअनुरूप परीक्षा सम्पन्न भएको सातौँ दिनमा आज तीनवटै सङ्कायको पहिलो सेमेष्टरको परीक्षाफल प्रकाशन गरेको विश्वविद्यालय संरक्षक समिति (बोर्ड अफ ट्रष्टीज) का अध्यक्ष प्रा. डा. चन्द्रमणि पौडेलले जानकारी दिनुभयो ।

विश्वविद्यालयले एक वर्षयता व्यवस्थापन र कानुन (म्यानेजमेन्ट एन्ड ल), विज्ञान तथा प्रविधि (साइन्स एन्ड टेक्नोलोजी) का साथै शिक्षा तथा सामाजिक विज्ञान ( एजुकेसन एन्ड सोसिएल साइन्स) सङ्कायमा स्नातक तहको कक्षा सञ्चालन सुरु गरेकामा तीनवटै सङ्कायको पहिलो सेमेष्टरको परीक्षाफल प्रकाशन गरेको उहाँले बताउनुभयो ।

प्रकाशित परीक्षाफलमा व्यवस्थापन र कानुन सङ्काय (म्यानेजमेन्ट एन्ड ल)मा ७२.५८ प्रतिशत, विज्ञान तथा प्रविधि (साइन्स एन्ड टेक्नोलोजी) सङ्कायमा ७९.०३ प्रतिशत र शिक्षा तथा सामाजिक विज्ञान (एजुकेसन एन्ड सोसिएल साइन्स) सङ्कायमा ८९.४४ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको विश्वविद्यालयले जनाएको छ । ***(रासस)***

***सम्पदा...***

अनुदान प्रदान गर्दै आएको उल्लेख गर्दै निजी घरलाई पनि सम्पदाको रूपमा संरक्षण र प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिएको बताउनुभयो । यसबाट नगरको मौलिक स्वरूप जोगिनुका साथै सम्पदामैत्री वातावरण निर्माण भई पर्यटन प्रवर्द्धनमा समेत टेवा पुगेको उहाँको भनाइ थियो ।

नगर प्रमुखले भक्तपुर नगरपालिकाले इतिहास, संस्कृति तथा सम्पदा विषय अध्ययन गर्ने विद्यार्थीलाई प्रोत्साहनस्वरूप छात्रवृत्ति प्रदान गर्दै आएको बताउँदै इतिहास र संस्कृतिको संरक्षण तथा दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले यस्तो व्यवस्था गरिएको उल्लेख गर्नुभयो ।

इतिहास, संस्कृति, सम्पदा तथा स्थानीय विषयमा अध्ययन-अनुसन्धान गर्ने विद्यार्थी तथा अनुसन्धानकर्तालाई अनुसन्धानवृत्ति समेत प्रदान गर्दै आएको बताउनुभयो ।

कार्यक्रमका सभापति तथा पुरातत्व विभागका महानिर्देशक सौभाग्य प्रधानाङ्गले हाम्रो सम्पदा र यसको वास्तुकला नै हाम्रो पहिचान भएको बताउनुभयो । उहाँले यो मानव सभ्यताको उत्कृष्ट नमुना भएकाले यसको संरक्षण, संवर्द्धन तथा प्रवर्द्धन गर्दै नयाँ पुस्तासम्म हस्तान्तरण गर्नु सबैको साझा दायित्व भएको उल्लेख गर्नुभयो ।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काले भक्तपुर आफैँमा ऐतिहासिक तथा विश्वसम्पदा सूचीमा सूचिकृत नगर भएकाले यहाँको मौलिक संस्कृति र सम्पदाको संरक्षण सबैको साझा दायित्व भएको बताउनुभयो । आधुनिकतासँगै मौलिक पहिचान सङ्कटमा पर्दै गएको उल्लेख गर्दै उहाँले संस्कृति जोगाउन सके मात्र समुदायको पहिचान जोगिने धारणा राख्नुभयो ।

उहाँले राष्ट्रिय कला सङ्ग्रहालयले कला, संस्कृति र सम्पदाको संरक्षण, अध्ययन तथा प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताउँदै भावी पुस्तालाई ऐतिहासिक तथा सांस्कृतिक सम्पदाबारे जानकारी गराई संरक्षणप्रति जिम्मेवार बनाउन सङ्ग्रहालयको भूमिका अझै महत्त्वपूर्ण रहेको धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा राष्ट्रिय कला सङ्ग्रहालयकी प्रमुख जयन्ती श्रेष्ठ प्रधानले सङ्ग्रहालय स्थापना भएको इतिहासबारे जानकारी दिँदै पुरातात्त्विक महत्त्वका सामग्री सङ्कलन, संरक्षण र प्रदर्शनलाई निरन्तरता दिइएको बताउनुभयो । उहाँका अनुसार सङ्ग्रहालयमा चित्रकला, धातुकला, काष्ठकला, प्रस्तरकलालगायत करिब २,१०० वटा पुरातात्त्विक वस्तुसङ्ग्रहमा रहेकाको सोही क्रममा अवगत गराउनुभयो ।

इतिहासविद् प्रा. डा. पुरुषोत्तमलोचन श्रेष्ठले सङ्ग्रहालय स्थापनाकालदेखि नै योगदान गर्न पाएकोमा आत्मसन्तुष्टि मिलेको बताउनुभयो । उहाँले जगन्नाथ मन्दिर पुन:निर्माणमा त्यहाँ रहेका शिलालेखका प्रमाण तथा आफूले गरेका अध्ययन-अनुसन्धानले महत्त्वपूर्ण सहयोग पुगेको उल्लेख गर्दै कला सङ्ग्रहालयले शिलालेख तथा पुरातात्त्विक सम्पदाको संरक्षणमा अझ विशेष ध्यान दिनुपर्ने धारणा राख्नुभयो । उहाँले भक्तपुरलाई “खुला आकाशमुनि रहेको एउटा खुला सङ्ग्रहालय’ को रूपमा व्याख्या गर्नुभयो ।

इतिहासविद् विश्वमोहन श्रेष्ठले राष्ट्रिय कला सङ्ग्रहालयको निरन्तर प्रगतिको शुभकामना व्यक्त गर्दै पुराना कला र संस्कृतिले तत्कालीन समाजको यथार्थ अवस्थाबारे जानकारी दिने भएकाले यस्ता सम्पदाको संरक्षण र जीवन्तता कायम राख्नु आवश्यक रहेको बताउनुभयो । उहाँले ख्वप कलेजमा संस्कृति तथा सङ्ग्रहालयसम्बन्धी अध्ययन-अध्यापन भइरहेकाले नयाँ पुस्तामा सम्पदा संरक्षणको चेतना हस्तान्तरण हुने विश्वास व्यक्त गर्नुभयो ।

राष्ट्रिय कला सङ्ग्रहालयको ६६ औँ स्थापना दिवसको अवसरमा सङ्ग्रहालयमा कार्यरत कर्मचारीहरूको ज्ञान, सीप र कार्यदक्षता अभिवृद्धि गर्ने उद्देश्यले क्षमता अभिवृद्धि कार्यक्रमसमेत रहेको आयोजक समितिले जनाएको छ ।

# फिफा विश्वकप फुटबल २०२६ मेक्सिको अन्तिम १६ मा प्रवेश

काठमाडौँ, १७ असार । इक्वेडरलाई पराजित गर्दै मेक्सिको फिफा विश्वकप फुटबल २०२६ को अन्तिम १६ मा पुगेको छ ।

मेक्सिको सिटीस्थित एस्टाडियो अज्टेका स्टेडियममा बुधबार बिहान सम्पन्न खेलमा इक्वेडरलाई २-० गोलअन्तरले हराउँदै अन्तिम १६ मा स्थान पक्का गरेको हो । मेक्सिकोको जितमा जुलियन क्विनोनेस र राउल जिमेनेजले समान एक/एक गोल गरे ।

खेलको २१ औँ मिनेटमा जुलियनले गोल गर्दै मेक्सिकोलाई पहिलो अग्रता दिलाए । त्यसपछि खेलको ३१ औँ मिनेटमा राउलले गोल गर्दै मेक्सिकोको अग्रता दोब्बर बनाए । त्यसपछि खेलमा दुवै टोलीले गोल गर्न सकेनन् र खेल मेक्सिको पक्षमा रह्यो ।

मेक्सिकाले यसअघि भएको समूह चरणको खेलमा दक्षिण अफ्रिका, दक्षिण कोरिया र चेक रिपब्लिकलाई पराजित गर्दै नकआउट चरणमा प्रवेश गरेको थियो । यस हारसँगै इक्वेडर भने विश्वकपबाट बाहिरिएको छ । ***रासस***

## सङ्क्षिप्त समाचार

### वैदेशिक रोजगारी : लाखौँ ठगीको अभियोगमा पाँच जना पक्राउ

काठमाडौँ, १७ असार । वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै ठगेको अभियोगमा पाँच जना पक्राउ परेका छन् ।

केन्द्रीय प्रहरी समचारकक्षका अनुसार सिन्धुपाल्चोकका वाड्दी लामा, रामेछापका ललितबहादुर तामाङ, धादिङकी सन्तोषी लामा, चन्द्रागिरि नगरपालिका–८ की रामदास महर्जन र काठमाडौँ महानगरपालिका–१५ निवासी सरिब गिरीलाई पक्राउ गरिएको हो ।

अभियुक्त वाड्दीले अजरबैजान पठाइदिन्छु भन्दै एकजनाबाट रु. ५० हजार, ललितबहादुरले कोसोभो पठाइदिने भनेर रु. दुई लाख ५० हजार, सन्तोषीले स्पेन पठाउने बहानामा एक जनाबाट रु. १५ लाख, रामदासले युएईको रोजगारीको प्रलोभनमा सात जनाबाट रु. ४५ लाख र सरिबले क्यानडाको लोभ देखाएर एक जनाबाट रु. २० लाख ठगेका थिए ।

उनीहरूलाई काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयबाट भएको प्रहरी टोलीले विभिन्न स्थानबाट हालै पक्राउ गरेको हो । कारबाहीका लागि सबै अभियुक्तलाई वैदेशिक रोजगार विभाग पुऱ्याइएको छ । **रासस**

### राष्ट्रिय विधि विज्ञान प्रयोगशालासम्बन्धी विधेयकमाथि दफाबार छलफल

काठमाडौँ, १७ असार । प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा 'राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८१' को प्रस्तावना र विभिन्न दफामाथि दफाबार छलफल भएको छ ।

सिंहदरबारमा बुधबार भएको बैठकमा समितिका सदस्यले गम्भीर अपराधको न्याय निरूपणमा विश्वसनीय परीक्षण, अपराधको वर्गीकरण र प्रभावकारी अध्ययन, अनुसन्धान गर्न अलग–अलग व्यवस्था प्रस्तावनामै उल्लेख गर्न सुझाव दिनुभयो ।

प्रविधिमा आधारित अपराध बढ्दै गएकाले जैविक र भौतिकसँगै डिजिटल अपराधको परीक्षण एवं अनुसन्धानलाई विधेयकमा समावेश गर्नुपर्छ भन्नुभयो ।

सदस्यहरूले नमुना सङ्कलनपछि परीक्षणका लागि समय कुर्नुपर्ने बाध्यतालाई अन्त्यगरी जनशक्ति र प्रयोगशालाको उचित व्यवस्था कानुनमै तोक्नुपर्ने बताउनुभयो । समितिका सभापति डा. ओजस्वी शेरचनले प्रयोगशालाका जनशक्तिलाई नेपालमा पढ्ने व्यवस्था नभएकाले शैक्षिक योग्यता तोक्ने विषयमा समितिले जनशक्तिसम्बन्धी तथ्याङ्क आएपछि निर्णय गरिने जानकारी दिनुभयो ।

छलफलमा विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुनले प्राथमिक तहका शिक्षकको दरबन्दी नभएका विद्यालयले बाध्यात्मक अवस्थामा माध्यमिक तहका प्रधानाध्यापक चलाउनुपर्ने बताउनुभयो ।

समितिले आगामी दफाबार छलफलमा सम्बन्धित मन्त्रालयका प्रतिनिधिसँगै विषयविज्ञ गोपाल चौधरीलाई आमन्त्रित गर्ने निर्णय गरेको छ ।

राष्ट्रियसभाको गत माघ २३ गतेको बैठकमा सो विधेयक पारित भई प्रतिनिधिसभामा प्राप्त भएको हो । **रासस**

### कृषक पाठशालालाई २८ लाखका कृषि सामग्री प्रदान

नेपालगन्ज १७ असार । खजुरा गाउँपालिकाले १६ वटा किसान पाठशालालाई रु.२८ लाख बराबरका कृषि सामग्री प्रदान गरेको छ ।

उक्त पालिकाका अध्यक्ष डम्बरबहादुर विकका अनुसार ६० प्रतिशत लागत साझेदारीमा ती सामग्री प्रदान गरिएको हो ।

कृषि उत्पादन बढाउन सामग्री प्रदान गरिएको उहाँले राससलाई जानकारी दिनुभयो । खजुरालाई जैविक उत्पादनस्थलनका रूपमा विकास गर्ने लक्ष्यअनुरूप एकीकृत शत्रुजीव व्यवस्थापनका निम्ति सहयोग गरिएको हो । **रासस**

### स्वचालित प्रणालीअनुरूप भाडा समायोजन गर्न माग

काठमाडौँ, १७ असार । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले गए रातिदेखि पेट्रोलियम पदार्थको मूल्य घटेसँगै स्वचालित प्रणालीअनुरूप भाडा समायोजन गर्न सरकारसँग माग गरेको छ ।

नेपाल आयल निगमले बुधबार बिहानदेखि लागू हुनेगरी पेट्रोलमा प्रतिलिटर रु. २०, डिजेल/मट्टितेलमा प्रतिलिटर रु. ३० ले मूल्य घटाएको थियो ।

महासङ्घका अध्यक्ष पुण्यप्रसाद सिटौलाले स्वचालित प्रणालीबमोजिम भाडा समायोजन गरिदिन सरकारलाई अनुरोध गर्नुभएको हो ।

उहाँले भन्नुभयो, "पेट्रोलियम पदार्थको मूल्यमा हुने उतारचढावसँगै सार्वजनिक सवारीसाधनको भाडा पनि पारदर्शी, वैज्ञानिक र वस्तुगत आधारमा समायोजन हुनु आवश्यक छ । इन्धनको मूल्यवृद्धि हुँदा भाडा बढाउने निर्णय हुने र मूल्य घट्दा समयमै भाडा समायोजन नहुने प्रवृत्तिले यात्रु र व्यवसायी दुवै पक्षमा अन्योल सृजना गर्ने गरेको छ ।"

महासङ्घका अध्यक्ष सिटौलाले सार्वजनिक यातायातको भाडा निर्धारण गर्दा इन्धनको मूल्यमात्र नभएर सवारीसाधनको सञ्चालन खर्च, मर्मतसम्भार, बीमा, श्रमिकको पारिश्रमिक, अतिरिक्त पाटपुर्जाको मूल्य, बैङ्किङ लागत तथा समग्र आर्थिक सूचकलाई वैज्ञानिक आधारमा मूल्याङ्कन हुनुपर्ने बताउनुभयो । **रासस**



**टनेलमा तरकारी खेती**

काठमाडौँको तारकेश्वर नगरपालिका–५ गोलढुङ्गामा व्यावसायिक तरकारी खेतीका लागि निर्माण गरिएका प्लास्टिकका टनेल र आसपासका क्षेत्र ।

*तस्विर: हरिराम भेटुवाल/रासस*

## फोहरबाट आम्दानी गर्दै मध्यबिन्दु नगरपालिका

मध्यबिन्दु (नवलपरासी), १७ असार । नवलपरासी (बर्दघाट सुस्तापूर्व) को मध्यबिन्दु नगरपालिकाले घरघरबाट सङ्कलन हुने जैविक फोहरलाई प्रशोधन गरी जैविक मल उत्पादन गर्दै आम्दानीसमेत गर्न थालेको छ ।

फोहर व्यवस्थापन अधिकांश स्थानीय तहका लागि चुनौतीको विषय भइरहेका बेला नगरपालिकाले सञ्चालन गरिरहेको सरसफाइ प्रवर्द्धन तथा जैविक मल उत्पादन केन्द्रमार्फत सङ्कलित जैविक फोहर प्रशोधन गरी उत्पादन गरिएको मल स्थानीय किसानलाई बिक्री गरिँदै आएको छ । यस कार्यक्रमले वातावरण संरक्षण, सरसफाइ प्रवर्द्धन र स्थानीय आम्दानी वृद्धि तीनवटै क्षेत्रमा सकारात्मक परिणाम दिएको मध्यबिन्दु नगरपालिका प्रमुख भीमलाल अधिकारीले बताउनुभयो ।

उहाँले भन्नुभयो, "गण्डकी प्रदेशको मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रमअन्तर्गत आर्थिक वर्ष २०७९/८० मा स्थापना गरिएको उक्त परियोजनाको कुल लागत रु. दुई करोड १३ लाख ८० हजार रहेको छ । नगरपालिकाले भने कार्यक्रमलाई विगत तीन वर्षदेखि निरन्तर प्रभावकारी रूपमा सञ्चालन गर्दै आएको छ ।"

हालसम्म नगर सरसफाइ अभियानमा १४ हजार ८१६ घरपरिवार आबद्ध भएको मध्यबिन्दु नगरपालिका भवन तथा बस्ती विकास शाखा प्रमुख विवेक पोखरेलले बताउनुभयो । "घरपरिवारबाट सङ्कलित जैविक फोहरलाई केन्द्रमा प्रशोधन गरी जैविक मल उत्पादन गर्ने व्यवस्था मिलाइएकाले समुदायस्तरमै फोहर व्यवस्थापन व्यवस्थित र सहभागितामूलक बन्दै गएको छ," उहाँले भन्नुभयो ।

पछिल्ला तीन वर्षमा कार्यक्रम सञ्चालनका लागि रु. छ करोड ५६ लाख खर्च भएको मध्यबिन्दु नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विपिन क्षेत्रीले बताउनुभयो । सोही अवधिमा जैविक मल बिक्रीबाट रु. तीन करोड पाँच लाख आम्दानी भएको उहाँले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "जैविक मल उत्पादन केन्द्रले अब वार्षिक सञ्चालन खर्च धान्न सक्ने अवस्थासम्म प्रगति गरेको छ । एउटै योजनाबाट फोहर व्यवस्थापन र आम्दानी सृजना दुवै उद्देश्य पूरा भएका छन् ।"

स्थानीय किसानले उत्पादन भएको जैविक मल प्रयोग गर्न थालेपछि रासायनिक मलप्रतिको निर्भरता घटाउन पनि सहयोग पुगेको नगरप्रमुख भीमलाल अधिकारीले बताउनुभयो । "फोहर व्यवस्थापन सहज भएको छ । उत्पादन भएको जैविक मल बिक्रीबाट नगरपालिकाले आम्दानीको स्रोतसमेत विकास गरेको छ," नगरप्रमुख अधिकारीले भन्नुभयो ।

नेपालका धेरै स्थानीय तह अझै फोहर व्यवस्थापनको प्रभावकारी मोडेल खोजिरहेका बेला मध्यबिन्दु नगरपालिकाको यो अभ्यास वातावरणीय संरक्षणसँगै आर्थिक प्रतिफल दिने उदाहरणका रूपमा स्थापित हुँदै गएको छ । **रासस**

## राष्ट्र बैङ्कको ४५ अर्बको ऋणपत्रमा बोलकबोल

काठमाडौँ, १७ असार । नेपाल राष्ट्र बैङ्कले रु. ४५ अर्ब बराबरको एकवर्षे 'नेपाल राष्ट्र बैङ्क ऋणपत्र २०८४ (ख)' बुधबार बोलकबोलमार्फत निष्कासन गर्ने भएको छ ।

उक्त ऋणपत्रको बोलकबोल बुधबार दिउँसो ३ बजेसम्म अनलाइन बिडिङ प्रणालीमार्फत हुने केन्द्रीय बैङ्कले बुधबार एक सूचना निकालेर जनाएको छ ।

राष्ट्र बैङ्कका अनुसार ऋणपत्रको ब्याजदर बोलकबोलबाट निर्धारण हुनेछ भने ब्याज अर्धवार्षिक रूपमा भुक्तानी गरिनेछ । ऋणपत्रको साँवा २०८४ असार १७ गते भुक्तानी गरिने छ । न्यूनतम रु. पाँच करोड र त्यसपछि रु. पाँच करोडकै गुणकमा कुल आह्वान रकमसम्म बोलकबोल गर्न सकिनेछ । यो ऋणपत्र राष्ट्र बैङ्क तथा अन्य बैङ्क तथा वित्तीय संस्थामा धितोका रूपमा समेत प्रयोग गर्न सकिनेछ ।

सूचनाअनुसार नेपाल राष्ट्र बैङ्कबाट इजाजतपत्र प्राप्त 'क', 'ख' र 'ग' वर्गका बैङ्क तथा वित्तीय संस्था (काउन्टरपार्टी) मात्र बोलकबोलमा सहभागी हुन पाउनेछन् । एउटै संस्थाले फरक–फरक ब्याजदरमा समेत बोलकबोल गर्न सक्ने व्यवस्था गरिएको छ । स्वीकृत हुने ब्याजदर सबैभन्दा कम ब्याजदरबाट क्रमशः निर्धारण गरिने राष्ट्र बैङ्कले जनाएको छ ।

राष्ट्र बैङ्कले स्वीकृत बोल रकम निष्कासनकै दिन सम्बन्धित संस्थाको खाताबाट कट्टा गरिने जनाएको छ । खातामा पर्याप्त मौज्दात नभए स्वीकृत बोल रद्द हुनुका साथै छ महिनासम्म खुला बजार कारोबार तथा ब्याजदर करिडोरअन्तर्गतका बोलकबोलमा सहभागी हुन नपाउने व्यवस्था गरिएको छ ।

उक्त ऋणपत्रमा गरिएको लगानीलाई अनिवार्य नगद मौज्दात (सिआरआर) मा गणना गरिने छैन । वैधानिक तरलता अनुपात (एसएलआर) र खुद तरल सम्पत्ति अनुपातमा भने गणना गर्न सकिनेछ । ऋणपत्र परिपक्व हुनुअघि साँवा फिर्ता नदिइने तथा अन्य प्रक्रिया प्रचलित कानुन र व्यवस्थाअनुसार हुने राष्ट्र बैङ्कले जनाएको छ । **रासस**

## हुम्लाको स्याँडामा गाडी

सिमकोट (हुम्ला), १७ असार । स्याँडा गाउँमा पहिलोपटक गाडी पुगेको छ । हुम्लाको सिमकोट गाउँपालिका–८ मा अवस्थित स्याँडा कर्णाली नदीपारि छ ।

गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ मा स्याँडा याङ्गु सडक निर्माणमा रु. एक करोड १२ लाख बजेट विनियोजन गरेपछि गाउँमै गाडी पुगेको हो । यसअघि सिमकोटका सातवटै वडामा यातायातका साधन पुगिसकेका छन् ।

दुर्गम गाउँमा पहिलोपटक यातायात सेवा पुगेपछि स्थानीयवासी खुसी भएका छन् । गाउँसम्म गाडी पुगेका दिन स्थानीयले फूलमाला, बाजागाजा र स्वागत कार्यक्रमको आयोजना गरेका थिए ।

स्याँडा सडक सञ्चालनमा आएपछि खाद्यान्न, निर्माण सामग्री, औषधि तथा अन्य अत्यावश्यक वस्तुहरू ढुवानी गर्न सहज भएको वडाध्यक्ष कमल बुढाले बताउनुभयो ।

गाउँमा गाडी पुगेपछि स्थानीयमा नयाँ आशा जागेको छ । शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन तथा व्यापार–व्यवसायका क्षेत्रमा थप सम्भावना सृजना हुने विश्वास गरिएको छ । **रासस**

## साउनभित्र दुई लाख १० हजार मेट्रिक टन रासायनिक मल आयात हुँदै

काठमाडौँ, १७ असार । कृषि, वन तथा पर्यावरण मन्त्रालयले आगामी साउन महिनाभित्र करिब दुई लाख १० हजार मेट्रिकटन रासायनिक मल नेपाल भित्र्याउने तयारी गरेको छ ।

किसानलाई राहत हुने गरी धानबालीका लागि थप आवश्यकपर्ने मलको आपूर्ति सुनिश्चित गर्न मन्त्रालयले विभिन्न माध्यमबाट मल आयात प्रक्रिया अघि बढाएको हो ।

सरकार–सरकार (जिटुजी) सम्झौताअन्तर्गत भारतबाट आयात हुनलागेको ३० हजार मेट्रिकटन युरिया मल साउनको दोस्रो साता नेपाल आइपुग्ने भएको छ ।

अन्तर्राष्ट्रिय (ग्लोबल) टेन्डरमार्फत विभिन्न मुलुकबाट एक लाख ८० हजार मेट्रिकटन रासायनिक मलमध्ये ६० हजार मेट्रिकटन डिएपी र एक लाख २० हजार मेट्रिकटन युरिया रहेको छ ।

मन्त्रालयले मध्यपूर्वमा जारी द्वन्द्वका कारण अन्तर्राष्ट्रिय बजारमा मलको उपलब्धता घटे पनि किसानलाई राहत हुने गरी मल आपूर्ति गर्न लागेको हो । यसवर्ष मन्त्रालयले हालसम्मकै बढी रासायनिक मल आयात गर्ने लक्ष्य लिएको छ । मन्त्रालयले स्थानीय तहमा मलको कालोबजारी वा अनियमितता पाइएमा उजुरी गर्न बिहान ७:०० बजेदेखि साँझ ७:०० बजेसम्म हटलाइन नम्बर ९७०००९९११३ तथा क्युआर कोडमार्फत गुनासो दर्ता गर्ने व्यवस्था गरेको छ । **रासस**

। सम्पादकीय ।

# वाम एकता जनता झुक्याउने अर्को प्रपञ्च नहोस्

एमालेका पूर्वमहासचिव मदन भण्डारीको ७५ औँ जन्मजयन्तीको अवसरमा आयोजित कार्यक्रममा एउटै मञ्चमा केपी शर्मा ओली, पुष्पकमल दाहाल, माधवकुमार नेपाल र झलनाथ खनाल देखिएपछि धेरै सामाजिक सञ्जालमा फेरि वाम एकताको बहस सुरू गरिएको छ । कतिपय स्वनामधन्य विश्लेषकहरूले यसलाई २०७४ सालको जस्तै नयाँ राजनीतिक यात्राको सङ्केतका रूपमा समेत व्याख्या गर्न भ्याइसकेका छन् ।

समाजवादी वा वामपन्थी राजनीतिलाई रूचाउनेहरूले 'वामपन्थी एकता' शब्दावलीमा स्वाभाविक भावनात्मक प्रतिक्रिया दिनसक्छन् । तर, भावना र राजनीतिक यथार्थ एउटै कुरा होइनन् । अहिलेको अवस्थामा सबैभन्दा ठुलो प्रश्न 'वाम एकता हुन्छ कि हुँदैन ?' भन्ने होइन । बरू प्रश्नहरू हुन् - कस्तो वाम एकता ? कसका लागि वाम एकता ? र, कसको नेतृत्वमा वाम एकता ? नेपालमा वाम एकताको नारा दिएर नेपालको कम्युनिष्ट आन्दोलनप्रति सैद्धान्तिक घात र राजनीतिक विश्वासघात विगतमा पनि पटकपटक भइसकेका छन् । यस पटकको वाम एकता पनि जनता झुक्याउने अर्को प्रपञ्च मात्र नहोला र ?

नेपालमा कम्युनिष्ट वा वामपन्थी आन्दोलन इतिहासदेखि नै बलियो सामाजिक आधार भएको आन्दोलन हो । त्यही आधारमा टेकेर २०६४ सालको संविधानसभा निर्वाचनमा वामपन्थी दावी गर्ने दलहरूले संयुक्त रूपमा करिब ५० प्रतिशत मत प्राप्त गरेका थिए । २०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा पनि त्यो मत झन्डै ४८ प्रतिशत थियो । संसदमा उनीहरूको उपस्थिति दुईतिहाइ नजिक पुग्यो । २०७९ सालको निर्वाचनमा पनि वामपन्थी भनिने दलहरूको मत हिस्सा करिब ४१.५ प्रतिशतकै हाराहारीमा थियो । यसको अर्थ नेपाल वैचारिक रूपमा वामपन्थका लागि उर्वर भूमि थियो । पछिल्लो २०८२ को निर्वाचनमा भने वामपन्थीहरूलाई जम्मा २१.५ प्रतिशत मात्र मत प्राप्त भएको छ । तर, यति बलियो जनाधार भएको आन्दोलन आज किन रक्षात्मक अवस्थामा पुगेको छ ? यसको उत्तर बाहिर होइन, वाम आन्दोलनकै नेतृत्वभित्र खोज्नुपर्छ ।

पछिल्ला डेढ दशकमा वामपन्थी दलहरू नामले कम्युनिस्ट रहे, व्यवहारले होइन । तर सरकारमा पुगेर कथित वामपन्थी पार्टीहरूले दक्षिणपन्थी पुँजीवादी सरकारहरूकै पदचिह्नमा हिँडे । पुँजीवादी पार्टीहरूभन्दा पनि बढी पुँजीवादी आर्थिक नीति लागू गर्न कस्सिए । वर्गीय राजनीति कमजोर बनाइयो, अवसरवाद संस्थागत गरियो, सिद्धान्तलाई सत्ता समीकरणको भऱ्याङ बनाइयो । पार्टीहरू विचारले होइन, व्यक्तिवादले चल्न थाले । आन्तरिक लोकतन्त्रको ठाउँमा गुटबन्दी आयो । आलोचनालाई आत्मसमीक्षाको अवसर होइन, दुश्मनीका रूपमा हेरियो । समाजवादको बहस गर्ने नेताहरू आफैं राज्यसत्ताको विशेषाधिकारमा रमाउन थाले ।

सबैभन्दा ठुलो विडम्बना के रह्यो भने कम्युनिस्ट पार्टीभित्र नै कम्युनिस्ट संस्कृति हराउँदै गयो । जनताको नाममा राजनीति गरियो, तर जनताबाट दूरी बढ्दै गयो । श्रमिक, किसान, विद्यार्थी र निम्नवर्गसँगको सम्बन्ध क्रमश: कमजोर बन्यो । पार्टीहरू आन्दोलनका कक्षा र विद्यालय हुन छाडेर चुनावी मेसिन बन्न पुगे । कार्यकर्तालाई वैचारिक रूपमा प्रशिक्षित गर्ने परम्परा हरायो । त्यसको सट्टा टिकट, पद, मन्त्रालय र शक्ति बाँडफाँट नै राजनीतिको केन्द्र बन्यो । यही कारणले आज जनताले विकल्प खोजे । वामपन्थी पार्टीहरूप्रतिको विश्वास, भरोसा र आत्मीयता आम जनमानसमा कमजोर बन्यो । आफ्नो आस्थाको धरोहर मान्दै आएको पार्टी र नेताप्रतिको वितृष्णा अकल्पनीय रूपमा बढ्यो । यसैले अहिले चुनाव हारेपछि मात्रै फेरि 'वाम एकता' को नारा उठाउनु सही होइन । यदि यो केवल चुनावमा हरिएको पीडा बिर्साउने उपाय हो भने त्यसले आन्दोलनलाई बचाउँदैन । यदि यो विगतका निर्णय, अनियमितता वा विवादबाट आफूलाई जोगाउने राजनीतिक सुरक्षा कवच बनाउने प्रयास हो भने त्यो झन् घातक हुनेछ । वाम एकताको आधार चुनाव हार्ने डर होइन, दर्शन हुनुपर्छ । एकताको आधार सत्ता होइन, सिद्धान्तनिष्ठ कार्यक्रम हुनुपर्छ । एकताको आधार नेताको निम्ति पद र सुविधा होइन, जनताको हित र आवश्यकता हुनुपर्छ ।

२०७४ सालको एकता किन टिकेन भन्ने प्रश्नको इमानदार उत्तर नदिई पटक पटक पुँजीवादी सरकारको नेतृत्व गरेका वामपन्थीहरूले फेरि अर्को एकताको नारा लगाउनु इतिहास दोहोऱ्याउनुमात्र हुनेछ । त्यो बेला जनताले दुईतिहाइ नजिकको जनादेश दिएका थिए । तर त्यो जनादेश समाजवाद र समाजवादउन्मुख समाज निर्माणको दिशामा प्रयोग भएन । बरू सत्ता सङ्घर्ष, अहङ्कार, अविश्वास र व्यक्तिकेन्द्रित राजनीतिले त्यो अवसर समाप्त भयो । त्यसको मूल्य अहिले ती पदलोलुप अवसरवादी नेताहरूले र समग्र वाम आन्दोलनले चुकाइरहेको छ ।

यदि वाम एकताको अर्थ केवल चुनाव जित्ने गणित हो भने त्यसको आयु फेरि छोटै हुनेछ । तर, यदि वाम एकताको अर्थ उत्पीडित वर्गको मुक्ति, सामाजिक न्याय, राष्ट्रिय स्वाधीनता, उत्पादनमुखी अर्थतन्त्र र जनउत्तरदायी राज्य निर्माणको साझा अभियान हो भने त्यस्तो एकताको आवश्यकता आज पनि छ, भोलि पनि रहनेछ । तर, यो एकताको यात्राको पहिलो पाइला विचारको नवीकरण र नेतृत्वको पुस्तान्तरण हुनुपर्छ । उही अनुहार, उही शैली र उही राजनीतिक संस्कृतिबाट वाम आन्दोलनको पुनर्जागरण सम्भव छैन ।

# इरानी विश्वकप टोलीमाथिको व्यवहारले पश्चिमा र फिफाको दोहोरो चरित्र पर्दाफास भएको छ !


✍ फतिमा भुट्टो, मारिया डेल पिलार टोरेली र अन्य




*(इरानको फूटबल कप्तानलाई एलजीबीटी अधिकारको बारेमा सोधिएको थियो । त्यसो भए, अमेरिकी टोलीका कप्तानलाई किन मिनाबको कन्या विद्यालयमा अमेरिकी बम आक्रमणको बारेमा सोधिएन ?)*

चलिरहेको २०२६ विश्वकपमा आफ्नो दोस्रो खेलपछि इरानी फूटबल टोलीले लस एन्जलस छोड्दा उनीहरूले आफ्नो लकर कोठामा 'आतिथ्य सत्कार' को लागि सो सहरलाई धन्यवाद दिँदै हस्तलिखित नोट छोडे । इरानी शिष्टाचार प्रसिद्ध छ; तर फिफा र विश्वकप आयोजक देशमध्ये एक संयुक्त राज्य अमेरिकाले इरानी राष्ट्रिय टोलीलाई गरेका व्यवहार हेरेर सोच्दा 'आतिथ्य' भन्ने शब्द दिमागमा आउँदैन । राष्ट्रपति डोनाल्ड ट्रम्पले गत मार्चमा इरानी टोलीलाई स्वागत गर्दै उनीहरूको 'जीवन र सुरक्षा' मा सम्भावित खतराहरू उद्धृत गर्दै प्रतियोगितामा इरानको सहभागिता 'उपयुक्त' नभएको बताएका थिए । यतिमात्र नभई उनको प्रशासनले सकेसम्म धेरै भिसाहरू पनि अस्वीकार गऱ्यो । टोलीलाई प्रत्येक खेलपछि तुरुन्तै अमेरिका छोड्न बाध्य पार्यो र उनीहरूलाई सीमापार मेक्सिकोमा बस्न बाध्य पार्यो । सुरुमा त खेलको २४ घण्टा अघिमात्र महान् संयुक्त राज्य अमेरिकामा प्रवेश अनुमति दिइयो । परम्परागत रूपमा लस एन्जलस स्टेडियममा भएको दुई खेलअघि इरानी राष्ट्रिय गान बज्दा, भीडका केही भागहरूले गिज्याए ।

प्रत्येक पत्रकार सम्मेलनमा, खेलाडीहरूलाई साझा-सजिला प्रश्न गर्दै आफ्नो करियर बिताएका पत्रकारहरूले इरानी कप्तान मेहदी तारेमीलाई सकेसम्म घृणित रूपमा प्रश्न सोध्ने निश्चित गरे, इजिप्टविरूद्धको १-१ को बराबरीपछि उनलाई सोधे कि एलजीबीटी मानिसहरूलाई समर्थन गर्छन् कि गर्दैनन् भनेर । "हामी सबै एलजीबीटी मानिसहरूलाई सम्मान गर्छौं," तारेमीले जवाफ दिए र पत्रकारले भर्खरै सकिएको फूटबलको वास्तविक खेलको बारेमा कुनै प्रश्न छ कि छैन भनेर सोचे होलान् । कसैले केवल अनुमान गर्न सक्छ : कि फ्रान्सेली कप्तान केलियन एमबाप्पेलाई इमानुएल म्याक्रोनले फ्रान्सेली अर्थतन्त्रलाई ठप्प पारेको बारेमा प्रश्न गरिएको थियो ? के अस्ट्रियाली कप्तानलाई आफ्नो देशको अति-दक्षिणपन्थी राजनीतिज्ञहरूप्रतिको प्रेमको बारेमा प्रश्न गरिएका थिए ? के अर्जेन्टिनाको टोलीका कप्तानलाई जेभियर मिलेइ किन यति अनौठो छ भनेर जवाफ दिन बाध्य पारियो ? तिनीहरूलाई यस्तो सोधिएन । के अमेरिकी कप्तानलाई गाजामा इजरायलको नरसंहारको लागि उनको देशले गरेको आर्थिक





सहयोगको बारेमा सोधिएको थियो ? वा ट्रम्पको इरानविरुद्धको युद्धको पहिलो दिन फेब्रुअरी २८ मा मिनाबमा १६८ बालिकाको मृत्यु हुने गरी भएको केटीहरूको विद्यालयमा बम आक्रमणका बारेमा सोधिएको थियो ? थिएन ? कस्तो आश्चर्य !

मलाई त्यसबेलाको याद छ जब अमेरिकी सेलिब्रेटीहरू र बेलायती पण्डितहरूले कतारले विश्वकप आयोजना गर्नेबारेमा होहल्ला गरी रोइलो गरेका थिए ।

**निर्लज्ज अन्याय**

यो केवल खेलकुद अधिकारीहरूको सम्पूर्ण प्रतिनिधिमण्डललाई आयोजक देशमा बस्नबाट निषेध गरिएको कुरा मात्र थिएन । त्यो हो सोध-खोज । ७ घण्टाभन्दा बढी समयसम्म खेलाडी र अधिकारीहरूलाई खानतलास गर्नु, हिरासतमा राख्नु । प्रत्येक खेलका लागि मेक्सिकोबाट अमेरिका र खेलपश्चात् अमेरिकाबाट मेक्सिकोतर्फ जानु-फर्कनुपर्ने बाध्यता । सबैभन्दा नराम्रो पक्ष भनेको स्पष्ट रूपमा धाँधलीपूर्ण रेफ्रीको निर्णय हो ।

इरानले शनिबार बिहानको समूह चरनको तेस्रो तथा अन्तिम खेलमा लगभग अन्तिम मिनेटमा




इजिप्टविरूद्ध गोल गऱ्यो, तर रेफ्रीले यसलाई अस्वीकार गऱ्यो । विवादित भार (VAR : भिडियो एसिस्टेन्ट रेफ्री) को सहयोगमा डी बक्समा गोलकिपर र रक्षात्मक खेलाडी हुँदा पनि खुट्टाको केही सेन्टिमिटर भाग अगाडि देखाएर अफ्साइड भएको भनी गोललाई मान्यता दिइएन ।

आइतबार बिहानीको अस्ट्रिया र अल्जेरियाको खेलमा पनि एकदमै अप्रत्याशित हास्यास्पद तथाकथित सुन्दर खेल भयो । अस्ट्रियाले पहिलो हाफमा एक गोलको अग्रता लियो भने केही समयपछि अल्जेरियाले बराबरी गऱ्यो । त्यसैरूपमा अस्ट्रियाले पुन: अग्रता लियो उत्तरार्द्धको दोस्रो हाफमा तर फेरि पनि अल्जेरियाले गोल फर्काएर बराबरी गऱ्यो । दुई-दुई गोलको बराबरीमै खेल सकिनेजस्तो देखिन थालेको थियो । किनकि न त अस्ट्रिया वा अल्जेरिया आक्रामक भएर गोल हान्न आतुर देखियो । दोस्रो हाफको करिब २० देखि २५ मिनेट बल पास गर्दै आक्रामक नभई रक्षात्मक खेल मात्र हुन गयो । खेलको गति एक हिसाबले चुपचाप बल पास गर्दै समय सकाउनेजस्तो देखियो । तर, नब्बे मिनेटमा अल्जेरियाले एकाएक खेल परिवर्तन गरी एक गोल पुन: हान्यो । इरानका लागि यो एउटा चमत्कारी वरदान साबित हुँदै थियो किनकि यो खेल बराबर हुँदा दुवै टीम (अस्ट्रिया र अल्जेरिया) नकाउट चरणमा ठाउँ सुरक्षित हुन्थ्यो भने इरानको सम्भावना सकिन्थ्यो । जम्मा चार मिनेटको थप समयमा खेल जाँदै गर्दा अस्ट्रियाले फेरि आक्रामक हुँदै अल्जेरियाको क्षेत्रमा कब्जा जमाउँदै गोलपोस्टको जाली भेटाउने निरन्तर प्रयास गरिरह्यो ।

आश्चर्यको कुरा थपेको चार मिनेटको अवधि सकिसक्दा पनि रेफ्रीले खेल सुचारु राखे भने ९६ औँ मिनेटमा अस्ट्रियाले अप्रत्याशित रूपमा तोड्न नसकेको अल्जेरियाको रक्षात्मक पर्खाल तोडेर गोल हान्यो । गोलकिपरले खुट्टाले छेकेजस्तो गरे तर बल गोलपोस्ट छिर्न सफल भयो । चार मिनेट समय थप गरिएकोमा छैठौं मिनेटसम्म रेफ्रीले खेल खेलाउनुमा पनि प्रश्न उठेको सार्वजनिक भयो । यो सँगसँगै इरानको अघिल्ला खेल न्युजिल्यान्ड र बेल्जियमका खेलमा पनि उसको केही गोललाई अफसाइड भनी अस्वीकृत गरिएको थियो ।

यो गलत कामको लागि हजार बहाना बनाए पनि मैदान भित्र र बाहिर इरानी प्रतिनिधिमण्डल र खेलाडीहरूलाई के गरे भन्ने कुरा सारा संसारले देखे ।

इरान अर्को चरणमा पुग्नु पर्थ्यो । तर, आयोजकहरूले आफ्नो सुविधा र राजनीतिक प्रतिशोधको लागि खेलका नियमहरू र प्रतियोगिता आयोजना गर्ने सरल नियमहरू परिवर्तन गरे ।

तर जीवनमा, खेलमा जस्तै, अरूलाई जे गरियो त्यही फर्केर आफूलाई पनि त्यही हुनेछ । त्यसैले इरान, संसार तिम्रो साथमा छ !


# स्वतन्त्रताका लडाकु प्याट्रिस इमेरी लुमुम्बा - १

प्याट्रिस इमेरी लुमुम्बा (Patrice Emery Lumumba) २ जुलाई, १९२५ मा कङ्गोको कसाई (Kasai) प्रान्तको ओनालुआ (Onalua) गाउँमा जन्मेका थिए। उनका बुबा-आमा बाटाटेला (Batatela) जातका थिए। उनका बुबा लुमुम्बालाई क्याथोलिक धर्मका विद्यालयका शिक्षक बनाउन चाहन्थे र काटेको-कोम्बे (Kateko–Kombe) सहरका एक सानो क्याथोलिक धार्मिक पाठशालामा पठाए।

प्याट्रिस लुमुम्बाले पढाइमा राम्रो परिणाम ल्याए। त्यस सहरमा उपचार सहायकको तालिमहरू प्रोटेस्टेन्ट धार्मिक सङ्गठनहरूको एक विद्यालय थियो। तिनीहरूको ध्यान उनमा पर्‍यो। तिनीहरूले उनलाई प्रोटेस्टेन्ट विद्यालयमा उपचार विज्ञान पढ्न उत्साहित गरे। त्यसबेला उनी भर्खर १३ वर्षका थिए।

२ वर्षपछि विद्यालय स्नातकको प्रमाणपत्र नलिँदै उनले त्यस विद्यालय छोडे। प्रोटेस्टेन्ट पादरीहरू साह्रै जिज्ञासु शिष्य पाएर दङ्ग थिए। प्याट्रिस लुमुम्बा पढ्न सजिलो मान्थे र विद्यालयको पढाइभन्दा बढी जान्न चाहन्थे। उनले त्यहीँ भोल्टाएर (Voltaire), रुसो (Roussseau), भिक्टोर ह्युगो (Victor Hugo) र मोलायर ( Moliere) जस्ता दार्शनिक र नाम चलेका लेखकहरूका रचनाहरू सार्‍है उत्साहपूर्वक अध्ययन गरे। उनको ज्ञानको तृष्णा कम उमेरमै जागेको हुनाले उनी किताबको सागरमा डुबुल्की मार्न थाले। उनी यस्ता प्रश्नहरूको उत्तर चाहन्थे जुन कुरा एक अफ्रिकी विद्यार्थीसँग उनका गुरुहरू छलफल गर्न चाहन्नथे। पादरी वा शिक्षकहरूसँग उनको सम्बन्ध चिसिँदै गयो र उनले विद्यालय छोडे।

अब उनी १५ वर्षका किशोर थिए। दुब्लो, पातलो र अग्लो प्याट्रिस लुमुम्बा झुकेर हिँड्ने एक विनम्र देखिन्थे। उनी कटाङ्गा प्रान्तको उत्तरतिरको किन्डु (Kindu) भन्ने सहरमा पुगे। त्यो इलाकामा टिन र अन्य खानीको ठुलो भण्डार थियो। खनिज उद्योगहरू द्रुततररूपले बढ्दै गएको थियो र किन्डु त्यसको केन्द्र थियो। यसकारण, धेरै बेरोजगार मानिसहरू त्यहाँ बसाइँ सर्दै थिए। सहरको कारखाना र कार्यालयहरूको ढोकैमा 'यहाँ कुनै सहयोग हुन्न' भन्ने खालका लेखोटहरू झुन्ड्याइएको



हुन्थ्यो। उनीसँग एक दाम पनि थिएन र खानीमा काम पाउनु अत्यन्त गार्‍हो थियो।

युरोप दोस्रो विश्वयुद्धको सङ्घारतिर लम्कँदै थियो। साम्राज्यवादी देशहरू वा युद्धपिपासु गुटका देशहरू ठुलो मात्रामा युद्धका कच्चा सामग्रीहरू जम्मा पार्दै थिए। लुमुम्बाले त्यहाँ पुस्तकहरू पढ्ने र स्व-अध्ययन गर्न चाहन्थे तर उनले खानीका दासजस्तै काम गर्ने कामदार जनतासँग सङ्गत गरे। त्यहाँ 'शिक्षितहरूको गोष्ठी' भन्ने एक सङ्गठन बन्यो, उनी पनि त्यसका एक नेता भए।

**लुमुम्बा विवाह बन्धनमा**


उनले समाजशास्त्र अध्ययन गरे तथा संसारमा भइरहेका गतिविधिहरूलाई पनि पढ्दै गए तथा लेख्ने काम पनि थाले। उनी अन्य युवाहरूजस्तै भावुक थिए र कविता कोर्न थाले तर कवितामा उनी सफल भएनन्। त्यसपछि उनी पत्रकारितामा लागे तथा लिओपो लुडभिली (Leopo Ludville) का समाचारपत्रहरूमा लेख र समाचारहरू लेख्न थाले। विस्तारै क्याथोलिकहरूका समाचारपत्रहरूको ध्यान पत्रकार लुमुम्बामा गयो, उनले कङ्गोली जनताका जीवनको उन्नति र सुधारका मागहरू गर्न थाले। सन् १९४० तिर उनले लेखेका थिए, "गोराहरू आफ्ना हब्सी नोकरहरूभन्दा आफ्ना कुकुरहरूलाई बढी राम्रो व्यवहार किन गर्छन् ?"

प्याट्रिस लुमुम्बाका लेखहरू प्रगतिशील जगत्मा सार्‍है उत्साहपूर्वक स्वीकारिन्थ्यो र ती वर्षहरूमा कङ्गोमा औपनिवेशिक शासनको विरोधमा हाकाहाकी आलोचना गर्नेहरूमध्ये उनी एकजना पनि थिए।

किन्डुमा केही वर्ष बसेपछि आफ्नो अध्ययनलाई अगाडि बढाउने अवसर पाउन र आफ्नो कार्य क्षेत्रलाई फराकिलो पार्न उनी अझ ठुलो सहरतिर जान चाहन्थे। संयोगले राजधानी लिओपोल्डभिलीमा उनले हुलाक कार्यालयमा नोकरी पाए। सन् १९६६ पछि लिओपोल्डभिलीको नाम किन्शासा (Kinshasa) राखियो। नोकरीपछि उनले आफ्नो अध्ययन गर्दाका साथी पाउलिन ओपाङ्गा (Pauline Opanga) सँग विवाह गरे। त्यसबेला उनी २२/२३ वर्षका युवा थिए।

लियोपोल्डभिलीको हुलाक कार्यालयको तालिमपछि उनी पूर्वी प्रान्त वा त्यसबेलाको माथिल्लो कङ्गो (Upper Congo) को राजधानी स्टेन्लीभिली (Stanleyville) मा खटाइए। स्टेन्लीभिलीको नजिकको याङगाम्बी ( Yangambi) को हुलाक शाखा कार्यालयको उनी पहिला हाकिम भए। त्यसपछि महानगरकै हुलाक कार्यालयमा सरुवा भए।

स्टेन्लीभिलीमै कङ्गोको स्वतन्त्रता र स्वाधीनताको सङ्घर्षबारे उनको दृष्टिकोणले पूर्ण आकार प्राप्त गर्‍यो। छिट्टै उनी त्यस महानगरको प्रगतिशील नेताको रूपमा चिनिए र जनताको आदर प्राप्त गरे। उनी स्टेन्लीभिलीमा बेल्जियम कङ्गोका स्थानीय जनताको संस्था (Association of Native Personnel of the Belgium Congo-ANPBC) का अध्यक्ष र 'शिक्षितहरूको गोष्ठी' (Circle of the Educated) का पनि अध्यक्ष भए। उनको विचार मिल्ने साथीहरू उनको घरमा भेला भए र तिनीहरू नै मिलेर पछि राजनैतिक दलको एक सानो समिति बनाए। अन्य उपनिवेशहरूमा जस्तै कङ्गोका बुद्धिजीवीहरूले पनि आधुनिक उपनिवेशवाद नाङ्गो दासता हो र उपनिवेशवादी 'सभ्यता' पनि पातलो पर्दाले ढाकेको पाखण्डमात्रै हो भन्नेबारे बुझ्न थाले। यसबारे लुमुम्बा पनि प्रस्ट थिए। उपनिवेशका जनताको जीवन अत्यन्त



कष्टकर र सहनै नसक्ने खालको थियो, हेलाहोचो र यातना एवं विदेशीहरूबाट जनताको क्रूर शोषणको कारण प्रगतिशील जनतालाई आक्रोशित पारे तथा कङ्गोलाई औपनिवेशिक सिक्रीबाट मुक्त गर्ने आफ्ना अधिकारहरूको निम्ति सङ्घर्ष गर्न देश नै जुरुक्क उठ्ने स्थिति देखापर्‍यो।

दोस्रो विश्व युद्धपछि कङ्गोमा धेरै ठुलठुला हडतालहरू भए। सन् १९४५ मा माताडी ( Matadi) मा बन्दरगाहका मजदुरहरूले पहिलो ठुलो हडताल आयोजना गरे, त्यसले मजदुर सङ्घहरू बनाउन सघाउ पुर्‍यायो। सन् १९४९-५० मा खानी मजदुरहरूले उपनिवेशवादविरोधी नाराहरू अगाडि सारे। सन् १९५२ मा लियोपोल्डभिलीमा मजदुरहरू र कार्यालयका कर्मचारीहरूले ठुलठुला हडतालहरू गरे। स्वतन्त्रता आन्दोलन देशभर फैलिँदै गयो र औपनिवेशिक शासनको जग हल्लियो।

अफ्रिकी जनतामा स्वतन्त्रता र स्वाधीनताको व्यापक आन्दोलनले शक्ति प्राप्त कङ्गोली समाजको अगाडि बढेको समुदायमा राजनैतिक चेतना द्रुततर गतिमा विकास गर्दै गयो। २० औं शताब्दीको मध्य अर्थात् १९५० को अवधि र अफ्रिकामा औपनिवेशिक शासनको पतनको अवधि बन्यो। सभ्यता सिकाउने पश्चिमी देशहरूकै कारण अफ्रिकी जनतालाई पूरै विस्फोटक स्थितिमा पुर्‍यायो।

दशकौँसम्म उपनिवेशवादीहरूले कङ्गोको बारेमा 'फस्टाउँदो उपनिवेश' (Flourishing Colony), 'आदिवासीहरू' र बेल्जिमेली 'जानकारहरू' र अन्य उद्योगपतिहरू र खेतीवालहरू मिलेर बसेको अफ्रिकाको पितृसत्तात्मक कुनाजस्ता कथाहरू बनाएका थिए। बेल्जिमेली मालिकहरूले प्रतिवर्ष त्यहाँ ५ लाख फ्रान्सेली रूपैयाँ पाउँथे भने कङ्गोली मजदुरहरूले वर्षको धेरै पाए; तिनीहरू १५,००० फ्रैङ्ककसम्म पाउँथे। त्यसैलाई उपनिवेशवादीहरू 'उच्च तलबमान' भन्थे। वास्तवमा त्यहाँ दासता थियो।

उपनिवेशवादीहरूले त्यस देशबाट गरेको प्राकृतिक सम्पदाको शोषणको हिसाबकिताब कहिले गर्दैनन्। तर, विदेशी एकाधिकारीहरूले कङ्गोलाई आफ्नै निजी प्रदेश सम्झन्थे र अत्यन्त ठुलो नाफाको स्रोतको रूपमा लिन्थे। यसबारे उपनिवेशवादीहरू प्रचार गर्दैनथे। ५ वटा एकाधिकारवादी समूहले कङ्गोको सम्पत्ति आपसमा भागबन्डा गर्थ्यो र ९० प्रतिशत लगानीमा नियन्त्रण गरेका थिए। बेल्जियमको पुँजीले सबभन्दा ठुलो भाग खान्थ्यो र बेलायत एवं संरा अमेरिकाजस्ता अन्य साम्राज्यवादी देशहरू त्यस लुट र डकैतीको भाग खान सक्रिय थिए।

**'मौन साम्राज्य'**

सन् १९४७ मा ओपी गिल्बर्ट (O.P. Gilbert) को 'मौन साम्राज्य' (The Empire of Silence) शीर्षकको पुस्तक ब्रुसेल्समा छापियो। त्यो पुस्तक कङ्गोमा प्रतिबन्धित थियो तर प्रगतिशील कङ्गोली जनता त्यो पुस्तक लुकीलुकी पढ्थे। त्यसमा कङ्गोको औपनिवेशिक अत्याचारको जिउँदो र क्रूर तस्बिर बयान गरिएको थियो। 'एक वा अर्को उपाय' बाट लेखकले 'खानीहरू, कारखानाहरू, खेतीहरू, यातायात र व्यापारिक संस्थाहरू', 'जेनरल समाज' (Society General) र अन्य केही गुठीहरू (Trusts) को नियन्त्रणमा रहेको उदाङ्ग्याएका थिए। तिनीहरूकै इसारा र आह्वानमा हजारौँ गोरा इन्जिनियरहरू, निरीक्षकहरू (Foremen) तथा दसौँ हजार हब्सी मजदुरहरू काम गर्थे। तिनीहरूसँग दक्ष प्रहरी सेवा थियो र सचेत प्रचारयन्त्र थियो। तिनीहरूले हरेक ठाउँमा पैसा ख्वाएको हुन्थ्यो र जहाँ तहाँ मालिकको रूपमा काम गर्थे। तिनीहरूले हरेक कुराको लेनदेन गर्थे, खास गरेर मानव श्रमबारे लेनदेन गर्थे।

लुमुम्बाले 'मौन साम्राज्य' मा उल्लेख गरिएका सम्पत्तिका सबै तथ्य तथ्याङ्कहरूको अध्ययन गरे तथा कङ्गोको वर्णन गरिएको स्थितिको गम्भीर अध्ययन गरे। उनले उपनिवेशका जनतामाथि गरिने अन्याय, अत्याचार र बर्बरताबारे जानकारी राखे। साथै केही करोडपति र अरबपतिहरूको कल्पनै गर्न नसकिने ऐय्यासी जीवनको निम्ति लाखौँलाख कङ्गोली जनतालाई दासजस्तै श्रम गराइन्थ्यो। एक जना नेताको भावना र जनताका लडाकुको हैसियतले उनी औपनिवेशिक बन्दोबस्तको विरोधमा हाकाहाकी अगाडि बढे तथा आफ्ना जनतालाई आफ्नो अधिकारको निम्ति सक्रियतापूर्वक सङ्घर्ष गर्न आह्वान गरे।

उपनिवेशवादी अधिकारीहरूले अशान्त जनतामा उनको बढ्दै गएको प्रभावलाई थाहा पाएर सन् १९५६ मा उनको विरोधमा भ्रष्टाचारको झूटा मुद्दा लगाएर उनलाई १८ महिनाको जेल सजाय दिए। स्टेन्लीभिलीका जनताले उनीप्रति पूर्णरूपले समर्थन र ऐक्यबद्धताको अभियान चलाए।

उनको रिहाइपछि जून १९५७ मा उनी लिओपोल्डभिलीमा गए, त्यहाँ उनलाई ठुलो बियर (Beer) कम्पनी र चिसो पेयपदार्थका कम्पनीहरूले कामको निम्ति आह्वान गरे। त्यस कामले उनलाई राजधानीको बाहिरफेराका नगर, गाउँ र बस्तीका जनतासँग भेटघाट गर्न, तिनीहरूको भावनालाई बुझ्न र वास्तविक स्थितिबारे अवगत हुन गार्‍हो अनुभव गरायो। उनको स्वाभाविक वक्तृत्वकला र व्यापक जानकारीले छिट्टै उनी राजधानी लियोपोल्डभिली र चारैतिर एक लोकप्रिय नेताको रूपमा स्थापित भए।

**एक नेताको रूपमा**

एक नेताको रूपमा राजधानीको राजनैतिक जीवनमा लुमुम्बा सक्रिय हुँदै गए, उनी बाटेलेता महासङ्घ (Bateleta Federation) का अध्यक्ष भए तथा उदार दल (Liberal Party) का बैठकहरूमा भाग लिँदै गए। उनी राजनैतिकरूपले कङ्गोमा औपनिवेशिक दासतालाई उन्मूलन गर्न चाहन्थे र तत्काल स्वाधीनता चाहन्थे। पहिलेका गतिविधिहरूबाट सन्तुष्ट नभई कङ्गो कङ्गोली जनताको हो, उपनिवेशवादीहरूको होइन भन्ने दृढ धारणा राख्थे।

एक नयाँ राजनैतिक दल स्थापना गर्न उनी लागिपरे। जातजाति र भाषाभाषीहरूको साम्प्रदायिक दल नभई 'सारा कङ्गोली जनताको पार्टी' स्थापना गर्नुपर्नेबारे उनी प्रस्ट थिए। कङ्गोको निम्ति त्यो विचार अत्यन्त मौलिक र 'नयाँ क्रान्तिकारी' सिद्धान्त थियो।

त्यसबेला अर्थात् सन् १९५० मा कङ्गोमा कासाभोबो (Kasavobo) को बाकोन्गो ( Bakongo) वन्य जातिको आधारमा आबोको दल (Aboko Party) भन्ने एक जातीय सङ्गठन स्थापना भएको थियो। उपनिवेशी प्रशासन कङ्गोली जनतामा जातीय गुटहरूमा काटमार गराई विभाजन गर्दै थियो र कासाभोबोले त्यसैलाई सहयोग पुर्‍याउँदै थियो। कङ्गोली जनताको स्वतन्त्रता र स्वाधीन हुने इच्छा र आकाङ्क्षाको विरोधमा बेल्जिमेली उपनिवेशवाद त्यहाँका जनतालाई ज्यूज्यान लगाएर 'भेद गर र राज गर' को नीति लागू गर्दै थियो।

लुमुम्बाले स्वाधीनताको सङ्घर्षमा 'सारा' जनतालाई जातजाति र भाषाभाषीको भेदभाव एवं पूर्वाग्रह नराखी एक हुन आह्वान गर्दा कङ्गोली जनतामा उनले ठुलो लोकप्रियता र प्रतिष्ठा हासिल गरे। उनको प्रभाव अब अफ्रिकाभित्र मात्रै होइन त्यसको सीमा बाहिर पनि फैलियो। बेलायती 'विदेशी प्रतिवेदन' (Foreign Report) ले लुमुम्बाबारे लेख्यो, 'मेहनती, शारीरिकरूपले उत्साही र एक आकर्षक व्यक्तित्वका धनी लुमुम्बा कङ्गोलाई एकात्मक राज्यको रूपमा सँगै राख्न सक्ने आवश्यक आकाङ्क्षा र गुण भएका एकमात्र कङ्गोली राजनीतिज्ञ हुन्। उनी साँचो राष्ट्रवादी, जातीय साम्प्रदायिकताविरोधी र क्षेत्रीय साम्प्रदायिकताविरोधी कङ्गोली नेता हुन्, यो नै उनको शक्ति हो।'

**कङ्गोमा नयाँ परिस्थिति**

सन् १९५८ मा कङ्गोको इतिहासमा धेरै ठुलो महत्त्व राख्ने राजनैतिक घटनाहरू घटे। प्याट्रिस लुमुम्बाले त्यसै वर्षको शरद् ऋतुमा उत्तर कङ्गोको स्टेन्लीभीलीमा आफ्नै नेतृत्वमा 'कङ्गो राष्ट्रिय आन्दोलन' (Congo National Movement-CNM) भन्ने राजनैतिक दलको स्थापना गरे। १० अक्टोबर १९५८ को दिन संवैधानिक महाधिवेशन (Constituent Congress) भयो। त्यस बैठकले कङ्गो राष्ट्रिय आन्दोलन प्रादेशिक अहङ्कारवाद (Regional Egocentrism) र वन्य जातीय सङ्कीर्णतावाद (Tribal Demarcation) को विरोध गर्‍यो र आत्मनिर्णय (Self Determination) को निम्ति जनतालाई तयार गर्न राजनैतिक शिक्षा दिने कार्यक्रमको घोषणा गर्‍यो। कार्यक्रमले बिनासर्त स्वाधीनता र कङ्गोली जनतालाई मौलिक प्रजातान्त्रिक स्वतन्त्रता वा अधिकारहरूको माग गर्‍यो। स्वाधीनताको विजयपछि एकात्मक केन्द्रिकृत राज्यको स्थापना नै त्यस कार्यक्रमको महत्त्वपूर्ण विषय थियो।

लुमुम्बा र कङ्गोको राष्ट्रिय आन्दोलन ( CNM) ले कङ्गोमा उपनिवेशवादको विरोधमा निरन्तर सङ्घर्षको मात्र घोषणा गरेको होइन बरु सारा अफ्रिकी जनतासँग भ्रातृत्वपूर्ण ऐक्यबद्धताको पनि आह्वान गर्‍यो। कङ्गो राष्ट्रिय आन्दोलनले आफ्नो स्थापना सँगसँगै अफ्रिकाको सम्पूर्ण मुक्ति आन्दोलनसँग घनिष्ठ सम्बन्ध राख्यो। सन् १९५८ को डिसेम्बर महिनामा घानाको राजधानी आक्रा (Acra) मा अफ्रिकी जनताको सम्मेलन (African People's Conference) भयो। त्यसमा प्याट्रिस लुमुम्बा पनि कङ्गोका प्रतिनिधि थिए। उनी त्यस सम्मेलनको स्थायी समिति ( Standing Committee) का सदस्य चुनिए।

आक्राबाट फर्केपछि राजधानी लियोपोल्डभिलीमा नाटकीय घटनाहरू घटे। ४ जनवरी १९५९ को दिन राजधानीमा उक्त सम्मेलनबारे बोल्न एक जनसभाको आयोजना गरिएको थियो। राष्ट्रिय मुक्ति आन्दोलनको आकार देखेर बेल्जिमेली अधिकारीहरू तर्सेर जनसभामाथि रोक लगाए। रोक लगाउँदा लगाउँदै पनि हजारौँ जनता लाम लागेर तोकिएको ठाउँतिर अघि बढ्न थाले। बेल्जिमेली अधिकारीहरूले जनताको बाटो छेक्न प्रहरीलाई गोली हान्न आदेश दिए। लियोपोल्डभिलीका कङ्गोली जनताले उपनिवेशवादीहरूको गोलीको जवाफ देशव्यापी विद्रोह र हडतालले दिए। प्रहरी कार्यालयहरूमा आगो लगाइयो। तीन दिनसम्म भिडन्त भयो। महानगरको व्यापारिक जीवन पूरै बन्द रह्यो। स्वयंस्फूर्त ढङ्गले विकास भएको त्यस आक्रोशले जनतामा स्वाधीनताको माग सर्वसम्मत हुँदै गयो।

***स्रोत : मजदुर-किसान, २०६९ भदौ-असोज***






चिनियाँ कम्युनिस्ट पार्टीको १०५ औँ स्थापना दिवसको अवसरमा चीनको राजधानी पेइचिङस्थित बृहत् जनसभागृहमा आयोजित विशाल विचारविमर्श समारोहको मञ्च (बायाँ) र सहभागी वरिष्ठ पार्टी सदस्यहरू (दायाँ) जुलाई १, २०२६ का दिन। चिनियाँ कम्युनिस्ट पार्टीको स्थापना जुलाई १, १९२१ मा भएको थियो। चिकपाको सदस्य सङ्ख्या ११ करोडभन्दा बढी पुगेको पार्टी केन्द्रीय समितिले जनाएको छ।

*तस्बिर : सिन्ह्वा*

# प्यालेस्टिनी राजदूतद्वारा यूएनआरडब्लूएका लागि राजनीतिक तथा आर्थिक सहयोगको आह्वान

न्युयोर्क, १७ असार (क्युएनए)। संयुक्त राष्ट्रसङ्घका लागि प्यालेस्टाइनका दूत रियाद मन्सुरले प्यालेस्टाइन शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय राहत तथा कार्य एजेन्सी (युएनआरडब्लुए) का लागि राजनीतिक तथा आर्थिक सहयोग बलियो बनाउन अन्तर्राष्ट्रिय समुदायलाई आह्वान गर्नुभएको छ।

न्युयोर्कमा युएनआरडब्लुएका लागि संयुक्त राष्ट्र महासभाको वार्षिक प्रतिज्ञा सम्मेलनलाई सम्बोधन गर्दै मन्सुरले संयुक्त राष्ट्रसङ्घ महासभाको प्रस्ताव -१९४ का आधारमा प्यालेस्टाइन शरणार्थीको विषयलाई न्यायपूर्ण र स्थायी समाधानका लागि आफ्नो आह्वानलाई नवीकरण गर्दै अन्तर्राष्ट्रिय समुदायलाई अन्यायको अन्त्य गर्न आवश्यक राजनीतिक इच्छा शक्ति र साहस जुटाउन आग्रह गर्नुभएको छ।

पछिल्लो समयमा प्यालेस्टिनी शरणार्थीहरूको पीडा अभूतपूर्व स्तरमा पुगेको बताउँदै उहाँले कब्जा गरिएको प्यालेस्टिनी क्षेत्रमा चलिरहेको नरसंहार र इजरायलको सैन्य आक्रमणको वर्णन गर्नुभएको छ।

मन्सुरले युएनआरडब्लुएले प्यालेस्टाइन शरणार्थीहरूको पीडा कम गर्न र आवश्यक सेवाहरू प्रदान गर्न महत्त्वपूर्ण भूमिका जारी राखेको बताउनुभएको छ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले प्यालेस्टिनी शरणार्थीहरूले गम्भीर मानवीय अवस्थाको सामना गरिरहेको बताउँदै गाजापट्टीमा, युएनआरडब्लुएको अपरेसन चलिरहेका विभिन्न क्षेत्रहरूमा लाखौं प्यालेस्टाइन शरणार्थीहरूको आवश्यकताहरू पूरा गर्न र क्षेत्रीय स्थिरतालाई समर्थन गर्न युएनआरडब्लुएको अपरिहार्य भूमिका रहेको बताउनुभएको छ।

उहाँले एजेन्सीको वित्तीय सङ्कट र यसको सञ्चालनमा लगाएको प्रतिबन्धले छ महिना अघि महासभाले भारी मात्रामा नवीकरण गरेको जनादेश पूरा गर्ने क्षमतालाई खतरामा पारेको चेतावनी दिनुभएको छ।

गुटेरेसले अन्य कुनै सङ्गठनसँग युएनआरडब्लुए प्रतिस्थापन गर्ने वा यसको जनादेश पूरा गर्ने क्षमता नभएको बताउनुभएको छ।

एजेन्सीले आफ्नो कार्यहरू जारी राख्न र प्यालेस्टाइन शरणार्थीहरूप्रतिको आफ्नो जिम्मेवारी पूरा गर्न अन्तर्राष्ट्रिय समुदायलाई सक्षम बनाउनका लागि तत्काल राजनीतिक र आर्थिक सहयोगको लागि आह्वान गर्दै उहाँले यस्तो सहयोगले समस्याको समाधान गरी न्यायपूर्ण र स्थायी शान्तिको अवस्था सिर्जना गर्न मद्दत गर्ने बताउनुभएको छ।

# अप्रवासी नियन्त्रणमा अमेरिकाको थप सक्रियता

सिड्नी, १७ असार (एएफपी)। राष्ट्रपति डोनाल्ड ट्रम्पले आप्रवासन नीतिमा कडाइ गरेसँगै संयुक्त राज्य अमेरिकाले उष्णकटिबन्धीय प्रशान्तको थोरै जनसङ्ख्या भएको टापु राष्ट्र पलाउमा आप्रवासीहरूलाई निर्वासन गर्न थालेको पलाउले बुधबार जनाएको छ।

राष्ट्रपति डोनाल्ड ट्रम्पले संयुक्त राज्य अमेरिकाबाट शरण खोज्नेहरू र कागजातविहीन आप्रवासीहरूलाई एल साल्भाडोर र युगान्डा लगायतका स्थानहरूमा पठाउन पनि दबाब दिइरहेको उनीहरूले जनाएका छन्।

सानो भुगोल भएको प्यासिफिक राष्ट्र पलाउसँग अमेरिकाले गत डिसेम्बरमा ७५ लाख अमेरिकी डलर सहयोगको बदलामा निर्वासितहरूलाई पुनर्स्थापित गर्न सहमत भएको थियो।

पलाउका राष्ट्रपति सुरान्जेल ह्विप्सको कार्यालयले फिलिपिन्सबाट करिब ८०० किलोमिटर पूर्वमा छरिएका कोरल एटोललगायत स्थानमा निर्वासितहरू आइपुगेको बताउनुभएको छ।

ह्विप्सले डिसेम्बरमा हस्ताक्षर समारोहमा पुन:स्थापना सम्झौतालाई पलाउ र संयुक्त राज्य अमेरिकाका लागि सफलताको रूपमा प्रशंसा गर्नुभएको थियो।

संयुक्त राज्य अमेरिकाको निर्देशनअनुसार निर्वासित मानिसहरूलाई मद्दत गरी आवाश्यक मार्गदर्शन गर्ने उहाँले जनाउनुभएको छ। यसै गरी उहाँले उनीहरूले पलाउमा रोजगारी पाउने र खुसी हुने आशा व्यक्त गर्नुभएको छ।

सम्झौता अनुसार सबै निर्वासितहरूको आपराधिक रेकर्ड सहित पलाउले कसलाई स्वीकार गर्ने र कसलाई नगर्ने भन्ने विषयमा पूर्ण छनोटको अधिकार राख्ने बताइएको छ।

सम्झौता अनुसार यसको सट्टामा, संयुक्त राज्य अमेरिकाले पलाउलाई "सार्वजनिक सेवा सञ्चालन तथा पूर्वाधार विकास गर्न चार करोड ७५ लाख अमेरिकी डलर सहयोग गर्ने छ।

यद्यपी आलोचकहरूले यस विषयमा चिन्ता व्यक्त गर्दै संयुक्त राज्य अमेरिकाले पलाउजस्ता राष्ट्रहरूलाई अनावश्यक आप्रवासीहरूका लागि "डम्पिङ ग्राउन्ड" को रूपमा प्रयोग गरेको आरोप लगाएका छन्।

अमेरिकी विदेश विभागका प्रवक्ताले ट्रम्प प्रशासन "अवैध र सामूहिक आप्रवासन अन्त्य गर्ने र अमेरिकाको सीमा सुरक्षालाई सुदृढ पार्ने प्रतिबद्धतामा अडिग रहि यो प्रक्रिया गरिरहेको जनाउनुभएको छ।

सामान्य मामिलाका रूपमा, अन्य सरकारहरूसँगको निजी कूटनीतिक सञ्चारको विवरणमा टिप्पणी नगर्ने अधिकारीलाई उदृत गर्दै एएफपीले जनाएको छ।

सयौँ ज्वालामुखी टापुहरू र कोरल एटोलहरूमा फैलिएको लगभग २० हजार मानिसहरूको बसोबास रहेको राष्ट्र पलाउ जनसङ्ख्याको आधारमा विश्वको सबैभन्दा सानो देश हो भने लामो समय देखि प्रशान्त क्षेत्रमा संयुक्त राज्य अमेरिकाको सबैभन्दा नजिकको सहयोगी हो।

पलाउले सन् १९९४ मा स्वतन्त्रता प्राप्त गरेको भएता पनि अमेरिकी सेनालाई लामो समयदेखि चलिरहेको "कम्प्याक्ट अफ फ्रि एसोसिएसन" सम्झौताअन्तर्गत आफ्नो क्षेत्र प्रयोग गर्न अनुमति दिइरहेको छ। यसको बदलामा, संयुक्त राज्य अमेरिकाले पलाउलाई सयौँ करोड डलरको आर्थिक सहयोग दिई यसको राष्ट्रिय रक्षाको जिम्मेवारी लिने सम्झौता भएको जनाइएको छ।

# चीनमा कडा लगानी सुरक्षा नियम लागू

पेइचिङ, १७ असार (एएफपी)। अमेरिका-चीनबिच प्रविधि क्षेत्रमा बढ्दो प्रतिस्पर्धाकाबिच चीनले बुधबारदेखि विदेशी लगानी र सीमापार लगानीसम्बन्धी गतिविधिमाथि कडा राष्ट्रिय सुरक्षा नियम लागू गरेको छ। नयाँ व्यवस्थाले राष्ट्रिय सुरक्षामा प्रभाव पार्न सक्ने लगानी, प्रविधि, सेवा तथा दक्ष जनशक्तिको सीमापार आवागमनमाथि सरकारलाई थप निगरानी र समीक्षा गर्ने अधिकार दिएको छ।

जुन १ मा घोषणा गरिएको यी नियमले चीनको सीमा पार गर्ने पुँजी, कर्मचारी, प्रविधि तथा सेवासम्बन्धी गतिविधिलाई नियमन गर्न व्यापक कानुनी आधार तयार गरेको छ। चीनको मन्त्रिपरिषद् स्टेट काउन्सिलले जारी गरेको व्यवस्थाअनुसार यसको उद्देश्य विदेशी लगानीको गुणस्तर र स्तर सुधार गर्दै राष्ट्रिय सुरक्षाको संरक्षण गर्नु हो।

नियमअनुसार सबै बाह्य लगानीले 'समग्र राष्ट्रिय सुरक्षा अवधारणा' को पालना गर्नुपर्नेछ र घरेलु तथा अन्तर्राष्ट्रिय हितबिच सन्तुलन कायम गरिने उल्लेख गरिएको छ। साथै, राष्ट्रिय सुरक्षामा असर पार्न सक्ने कुनै पनि लगानी वा सम्पत्ति स्थानान्तरणको समीक्षा गर्ने अधिकार पनि सरकारलाई दिइएको छ।

पेइचिङले कृत्रिम बौद्धिकता, कम्प्युटर चिप र हरित प्रविधिलाई रणनीतिक तथा आर्थिक रूपमा महत्त्वपूर्ण क्षेत्र मानेर ती उद्योगको स्वदेशी विकासलाई प्राथमिकता दिँदै आएको छ। यसै क्रममा सीमापार कारोबारमाथिको निगरानी थप कडा बनाइएको हो।

नयाँ व्यवस्थाअनुसार हालसम्म वस्तु र डाटामा सीमित रहेका निर्यात नियन्त्रण अब सेवा, प्रविधि हस्तान्तरण तथा प्राविधिक विशेषज्ञलाई विदेश पठाउने वा विदेशमा तालिम दिने गतिविधिसम्म विस्तार गरिएको छ।

यस कदमले विदेशी लगानीकर्ताको चीनको विशाल प्रविधि बजारमा पहुँच सीमित हुन सक्ने चिन्ता पनि बढाएको छ। चीनले सीमापार लगानीप्रति अपनाउँदै आएको सतर्क नीतिअन्तर्गत अप्रिलमा मेटाले चीनमा स्थापना भई हाल सिङ्गापुरमा आधारित एआई स्टार्टअप मानुसलाई अधिग्रहण गर्ने प्रयासप्रति पनि आपत्ति जनाएको थियो।

अमेरिका-चीन आर्थिक तथा सुरक्षा समीक्षा आयोगले यो निर्णय चीनले राष्ट्रिय सुरक्षाको नाममा विदेशी लगानीमाथि नियन्त्रण बढाउँदै आएको दीर्घकालीन प्रवृत्तिको निरन्तरता भएको जनाएको छ। आयोगले मे महिनामै चीनका राष्ट्रिय सुरक्षा कानुनको व्याख्या र कार्यान्वयनमा अधिकारीहरूलाई व्यापक अधिकार रहेकाले विदेशी कम्पनीका लागि कानुनी अनिश्चितता र व्यावसायिक जोखिम थप बढ्न सक्ने चेतावनी दिएको थियो।

# लाहोरमा शिक्षण केन्द्रको छत खस्यो, १४ बालबालिकाको मृत्यु

लाहोर, १७ असार (एपी)। पाकिस्तानको पूर्वी सहर लाहोरस्थित एक निजी शिक्षण केन्द्रमा निर्माणाधीन भवनको छत खस्दा कम्तीमा १४ जना विद्यालय उमेरका बालबालिकाको मृत्यु भएको छ भने आठ जना घाइते भएका छन्। प्रहरीका अनुसार भग्नावशेषमा थप बालबालिका फसेको आशङ्कामा उद्धार कार्य जारी छ। घटनापछि शिक्षण केन्द्रका सञ्चालक र अर्का एक जनालाई पक्राउ गरिएको छ।

वरिष्ठ प्रहरी अधिकारी फैसल कामरानका अनुसार पुरानो भवनमा सञ्चालन भइरहेको शिक्षण केन्द्रको अपूर्ण दोस्रो तलाको छत कमजोर निर्माणका कारण भत्किएको प्रारम्भिक अनुसन्धानबाट देखिएको छ। घाइते बालबालिकाको अस्पतालमा उपचार भइरहेको उहाँले जानकारी दिनुभयो।

छत खस्नेबित्तिकै एम्बुलेन्स, सुरक्षाकर्मी र उद्धार टोली घटनास्थलमा पुगेका थिए। स्थानीय बासिन्दाले पनि बेलचा र खाली हातले भग्नावशेष हटाउँदै फसेका बालबालिकाको खोजीमा सहयोग गरेका थिए।

घटनापछि अस्पताल र शिक्षण केन्द्र रहेको क्षेत्रमा शोकको वातावरण छाएको छ। बालबालिकाको शव परिवारलाई बुझाइँदा आफन्तहरू भावविह्वल बनेका थिए। अधिकांश पीडित स्थानीय बासिन्दा भएकाले मङ्गलबार नै अन्त्येष्टि गरिने तयारी गरिएको थियो।

स्थानीय बासिन्दाले असुरक्षित र जीर्ण भवनमा कक्षा सञ्चालन गरेको आरोप लगाउँदै शिक्षण केन्द्रका सञ्चालकमाथि कडा कारबाहीको माग गरेका छन्। एक स्थानीय बासिन्दा जफर इकबालले एउटै टोलका धेरै परिवारले आफ्ना सन्तान गुमाएकाले कसको घरमा पहिले समवेदना व्यक्त गर्न जाने भन्ने अवस्थासमेत नरहेको बताउनुभयो।

पाकिस्तानमा कमजोर निर्माण गुणस्तर, सुरक्षा मापदण्डको बेवास्ता र जीर्ण भवनका कारण भवन भत्किने घटना पटक-पटक हुने गरेका छन्।

राष्ट्रपति आसिफ अली जरदारी र प्रधानमन्त्री शाहबाज सरिफले घटनाप्रति गहिरो दु:ख व्यक्त गर्दै मृतकका परिवारप्रति समवेदना प्रकट गर्नुभएको छ। उहाँहरूले घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै यस्ता दुर्घटना दोहोरिन नदिन प्रभावकारी सुरक्षा व्यवस्था लागू गर्न सम्बन्धित निकायलाई आग्रह गर्नुभएको छ।

# भेनेजुयलामा भूकम्प : एक हजार ९४३ को मृत्यु पुष्टि, दस हजारभन्दा बढी घाइते

काराकास (भेनेजुयला), १७ असार (क्युएनए)। भेनेजुयलाको राष्ट्रिय सभाका अध्यक्ष जोर्ज रोड्रिगेजले भेनेजुयलामा गएको विनाशकारी भूकम्पमा परी ज्यान गुमाउनेको सङ्ख्या एक हजार ९४३ जना पुगेको पुष्टि गर्दै दश हजार ५०० जना भन्दा बढी घाइते भएको प्रस्ट पार्नुभएको छ।

प्रेस विज्ञप्तिमार्फत रोड्रिगेजले अहिलेसम्म १५ हजारभन्दा बढी प्रभावित मानिसहरू दर्ता भएको र राहत तथा उद्धार कार्य सुरु भएदेखि छ हजार ४६१ जनालाई उद्धार गरिएको बताउनु भभएको छ। उहाँका अनुसार भूकम्पमा परी हजारौ मानिसहरू अझै बेपत्ता रहेका छन्।

संयुक्त राष्ट्र सङ्घको तथ्याङ्क अनुसार लगभग ५० हजार मानिसहरू अझै बेपत्ता छन् भने उनीहरूको खोजी तथा उद्धार कार्य जारी छ।

# मार्क्सको भविष्यवाणी : स्वचालित यन्त्र र नव-सर्वहाराको नियति -२

✍ सत्यजीत


उत्पादन, उपभोग, वितरण र विनिमय: मार्क्सले 'गुन्द्रिस' को सुरुवाती खण्ड (Introduction) मा परम्परागत र बुर्जुवा अर्थशास्त्रीहरूको त्यो सङ्कीर्ण बुझाइलाई ध्वस्त पारेका छन्, जसले उत्पादन, वितरण, विनिमय र उपभोगलाई एकअर्काबाट अलग, स्वतन्त्र र यान्त्रिक खण्डका रूपमा हेर्थे । बुर्जुवा अर्थशास्त्रले भन्छ-उत्पादन एउटा कुना (कारखाना) मा हुन्छ, वितरण बजारमा हुन्छ र उपभोग उपभोक्ताको घरमा हुन्छ । तर, मार्क्सले यसमा एउटा विराट द्वन्द्वात्मक समग्रता (Dialectical Totality) को सिद्धान्त अघि सार्नुभयो ।

मार्क्सका अनुसार, यी चारवटै तत्त्वहरू अलग-अलग टापु होइनन्, बरु एउटै चक्रका विभिन्न रूप हुन्, जहाँ 'उत्पादन नै आदि र अन्त्य दुवै हो ।'

उत्पादन नै उपभोग हो (Production is Consumption): जब पुँजीपतिले उत्पादन सुरु गर्छ, उसले कच्चा पदार्थ, ऊर्जा र मजदुरको श्रम-शक्ति उपभोग (खर्च) गरिरहेको हुन्छ । अर्कोतर्फ, उपभोग नै उत्पादन हो (Consumption is Production) : जब एउटा मजदुरले खाना खान्छ वा आराम गर्छ, उसले वास्तवमा भोलि कारखाना जाने आफ्नो 'श्रम-शक्ति' (Labour Power) को पुनरुत्पादन गरिरहेको हुन्छ । आजको डिजिटल युगमा यो सम्बन्ध अझ भयानक भएको छ । जब हामी सामाजिक सञ्जाल (Facebook, YouTube) उपभोग गरिरहेका हुन्छौँ, त्यति नै बेला हामी आफ्नो 'डेटा' उत्पादन गरेर टेक-मालिकहरूलाई बेचिरहेका हुन्छौँ । हामी उपभोक्ता बन्दाबन्दै उत्पादक बनिसक्छौँ।

वितरण र विनिमयको छद्मभेष : बुर्जुवाहरू दाबी गर्छन् कि बजारमा सबै कुरा न्यायोचित वितरण र स्वतन्त्र विनिमय (Free Market) मार्फत तय हुन्छ । तर मार्क्सले उदाङ्गो पारेका छन् कि वितरण उत्पादित वस्तुको मात्र हुँदैन, सबभन्दा पहिले 'उत्पादनका साधनहरू' (Means of Production) को असमान वितरण हुन्छ । जसको हातमा साधन छ, वितरण र विनिमयको नियम उसैले लेख्छ ।

तसर्थ, 'गुन्द्रिस' को यो खण्डले




सिकाउँछ कि केवल बजारको 'वितरण' वा कर प्रणाली सुधारेर (जुन संसद्वादी र सुधारवादी कम्युनिस्टहरूको एजेन्डा हो) समाजवाद आउँदैन । जबसम्म उत्पादनको मूल जग र स्वामित्वमै जनशास्त्रीय रूपान्तरण हुँदैन, तबसम्म न्यायोचित वितरणको नारा फगत एउटा भ्रम (Illusion) मात्र हो ।

पुँजीको विश्वव्यापीकरण: 'गुन्द्रिस' ले पुँजीवादको त्यो विश्वव्यापी चरित्रको चिरफार गरेको छ, जसलाई मार्क्सले 'पुँजीद्वारा अन्तरिक्षको विनाश' (The Annihilation of Space by Time) भन्नुभएको छ । पुँजी कहिल्यै एक ठाउँमा स्थिर बस्न सक्दैन । यसलाई निरन्तर गति र नयाँ बजार चाहिन्छ ।

समय र दूरीको अन्त्य: मार्क्सले लेख्नुभएको छ कि पुँजीले आफ्नो गति बढाउन र नाफाको चक्र (Circulation Time) लाई छोट्याउन संसारका भौतिक दूरीहरूलाई सखाप पार्छ । हिजो पानीजहाज र रेलले भूगोललाई खुम्च्याएका थिए भने आज फाइभ-जी (5G) इन्टरनेट, डिजिटल बैङ्किङ र क्लाउड कम्प्युटिङले संसारको भूगोललाई एउटा 'क्लिक' मा सीमित गरिदिएका छन् । अमेरिकाको एउटा वित्तीय निगमले सेकेन्डभरमा नेपालको जलविद्युत् वा प्राकृतिक स्रोतमाथि वित्तीय सट्टेबाजी गर्न सक्छ । पुँजीको यो संहारक गतिले राष्ट्रिय सार्वभौमिकता र स्थानीय अर्थतन्त्रलाई सोत्तर बनाउँदै लगेको छ ।

नव-सर्वहारा वर्गको जन्म र गिग अर्थतन्त्र (Precariat) : हिजो औद्योगिक युगमा मजदुरहरू एउटै छानामुनि, एउटै कारखानामा सङ्गठित हुन्थे । तर आज 'गुन्द्रिस' को भविष्यवाचक कडी अनुसार, पुँजीले श्रमलाई यति धेरै टुक्रा-टुक्रा (Fragmented) पारिदिएको छ कि आजको सर्वहारा वर्ग कारखानामा भेटिँदैन । ऊ त मोबाइलको स्क्रिनमा 'अल्गोरिदम' को कमान्ड पर्खेर बसेको 'गिग वर्कर' (InDrive चालक, फूड डेलिभरी ब्वाइ वा सफ्टवेयर फिक्सर)



बनेको छ । उसलाई लाग्छ, ऊ 'स्वतन्त्र' छ, तर वास्तवमा ऊ चौबीसै घण्टा अदृश्य पुँजीको कठोरतम दासतामा बाँधिएको छ । यो नव-सर्वहारा वर्गसँग न कुनै सामाजिक सुरक्षा छ न निश्चित कामको घण्टा ।

पुँजीवादी सम्पत्ति: 'गुन्द्रिस' को महत्त्वपूर्ण कडी पुँजीवादी स्वामित्वको त्यो छद्मभेषी चरित्रको उजागर हो, जसले मानव श्रमलाई उसैको विरुद्ध एउटा संहारक शक्तिको रूपमा खडा गरिदिन्छ । मार्क्सले यस खण्डमा देखाएका छन् कि कसरी पुँजीवादले




'श्रमको कानुन' लाई उल्टाएर 'लुटको कानुन' मा परिणत गरिदिन्छ ।

विनियोजनको नियममा उल्टाव : सुरुवाती समाजमा मानिसले जे उत्पादन गर्थ्यो, त्यो उसको आफ्नै हुन्थ्यो । तर पुँजीवादी उत्पादन पद्धतिमा मजदुरले जति धेरै उत्पादन गर्छ, पुँजीपतिको 'पुँजी' (Capital) त्यति नै विशाल र शक्तिशाली बन्दै जान्छ । मार्क्स भन्छन्; मजदुरको आफ्नै जीवन्त श्रम (Living Labour) कारखानाबाट निस्केपछि पुँजीपतिको हातमा पुगेर एउटा 'मृत श्रम' (Dead Labour) वा वस्तुको रूपमा परिणत हुन्छ । त्यही मृत श्रम (मेसिन वा प्रविधि) भोलि फर्किएर मजदुरलाई नै नियन्त्रण र विस्थापित गर्न आइपुग्छ ।

एआई र अलगावको पराकाष्ठा (Alienation): हिजो औद्योगिक युगमा मजदुर आफ्नो उत्पादन र मेसिनबाट अलग (Alienated) हुन्थ्यो । तर आजको डिजिटल युगमा यो अलगाव मानिसको 'चेतना' र 'अस्तित्व' सम्म पुगिसकेको छ । जब हामी सामाजिक सञ्जालमा आफ्ना भावना, विचार र सिर्जनाहरू पोख्छौँ, ती सबैलाई 'बिग डेटा' ले सङ्कलन गरेर एआई मोडलहरू निर्माण गर्छ । अन्ततः, ती एआई मोडलहरूले हाम्रै विचार, लेखन र सिर्जनात्मक कलालाई विस्थापित गरिदिन्छन् । यो मार्क्सले परिकल्पना गरेको अलगावको सबैभन्दा क्रूर र पराकाष्ठाको रूप हो, जहाँ मानव मस्तिष्कको आफ्नै सिर्जना उसको अस्तित्वकै शत्रु बनेर उभिएको छ ।

कार्ल मार्क्सको 'गुन्द्रिस' (Grundrisse) : डेढ सय वर्ष पुरानो आर्थिक पाण्डुलिपि मात्र होइन, यो त २१ औँ शताब्दीको डिजिटल साम्राज्यवादी वित्तीय पुँजीवादको चिरफार गर्ने सबैभन्दा धारिलो जनशास्त्रीय र वैज्ञानिक हतियार हो । यसको विहङ्गम विश्लेषणले के प्रमाणित गर्छ भने- पुँजीवादले विज्ञान र प्रविधिको विकास गरेर संसारलाई एउटा स्वचालित नेटवर्कमा त जोड्यो, तर यसको नाफा र नियन्त्रण भने केही सीमित प्रविधि-मालिकहरू (Tech Oligarchs) को हातमा कैद गरिदियो ।

कार्ल मार्क्सको 'गुन्द्रिस' आजको सन्दर्भमा त्यसको सान्दर्भिकता झन् अकाट्य बनेको छ । पुँजीवादले अटोमेसन र एआईमार्फत मानव श्रमलाई उत्पादनको केन्द्रबाट धकेलेर 'चेतनशील दर्शक' मा त बदलिदियो, तर यसले आफ्नै चिहान खन्ने वस्तुगत परिस्थिति पनि निर्माण गर्‍यो । किनकि, श्रमबिना अतिरिक्त मूल्य सम्भव छैन र बेरोजगार मानिसहरूबिना पुँजीवादी बजार टिक्न सक्दैन ।

तसर्थ, आजको युगीन कार्यभार हिजोका घिसेपिटेका नाराहरू वा संसदीय संसद्वादको कोठाभित्र अल्झिनु होइन । अबको क्रान्तिकारी मार्गनिर्देश भनेको मानव जातिको यो साझा सामाजिक बौद्धिकता (General Intellect) अर्थात् विज्ञान र प्रविधिलाई पुँजीवादी एकाधिकारबाट मुक्त गर्नु हो । यसलाई जनशास्त्रीय स्वामित्वमा ल्याएर चौबीसै घण्टा चल्ने पेट पाल्ने दासताको अन्त्य गर्नु र मानिसका लागि 'मुक्त समय' (Free Time) को स्वर्णयुग निर्माण गर्नु नै २१ औँ शताब्दीको समाजवादको वास्तविक प्रस्थानबिन्दु हो ।

**सन्दर्भ ग्रन्थ:**

१. Marx, Karl (१९७३). GrundrisseM Foundations of the Critique of Political Economy -Rough Draft Translated by Martin Nicolaus. Penguin Books.
सान्दर्भिकता : यस पुस्तक भित्रको 'Fragment on Machines' (पृष्ठ ६९०-७१२) / 'Chapter on Capital' (उत्पादन, उपभोग र विनिमयको द्वन्द्ववाद) । यो मार्क्सको मूल पाण्डुलिपि हो, जसले अटोमेसन र 'जनरल इन्टेलेक्ट' को जग राखेको छ ।

२. समकालीन व्याख्या र डिजिटल मार्क्सवाद (Contemporary & Digital Marxism) Srnicek, Nick. (२०१६). Platform Capitalism. Polity Press.
सान्दर्भिकता : यस पुस्तकले मार्क्सको 'गुन्द्रिस' को अवधारणालाई आजको गुगल, मेटा र एआई (AI) को युगसँग जोडेर 'प्लेटफर्म पुँजीवाद' को व्याख्या गर्छ । 'डेटा दोहन' र 'डिजिटल अलगाव' लाई यसले ठोस आर्थिक तथ्याङ्कसहित पुष्टि गर्छ ।

३. नव-सर्वहारा र श्रमको रूपान्तरण (New Proletariat & Precariat)Standing, Guy. (२०११). The Precariat: The New Dangerous Class. Bloomsbury Academic.
सान्दर्भिकता: 'गिग वर्कर' (InDrive, डेलिभरी ब्वाइज) कसरी २१ औँ शताब्दीको नयाँ उत्पीडितवर्ग (Precariat) मा रूपान्तरित हुँदै छन् र उनीहरूको श्रम कसरी टुक्रा-टुक्रा पारिएको छ भन्ने कुरा बुझ्न यो पुस्तक एउटा महत्त्वपूर्ण जनशास्त्रीय दस्तावेज हो ।

*समाप्त*

## हार्दिक समवेदना



जन्म : २००१/०१/०१
निधन: २०८३/०३/०६

यस सी.टी.एल फर्मास्युटीकल्सका कर्मचारी एवम् यस सी.टी.एल एकाइ समितिका सदस्य सुशीला नेपालकी सासूआमा **धनकुमारी नेपाल**को दु:खद निधन भएको आज १३ औँ दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**नेपाल क्रान्तिकारी औद्योगिक मजदुर सङ्घ**
**सी.टी.एल. एकाइ समिति**, भक्तपुर-१

## जनहित बहुउद्देश्य उपभोक्ता सहकारी संस्था लि

मु: पुज्व, सल्लाघारी-०१, भक्तपुर

## ऋण तिर्न बुझाउन आउने ३५ दिने सूचना

यस जनहित बहुउद्देश्य उपभोक्ता सहकारी संस्था लि. बाट ऋण लिएका सदस्यहरूमध्ये तपशिलमा उल्लेखित ऋणी सदस्यहरूले ऋणको सावाँ, ब्याज तथा बिलम्ब शुल्कसमेत तिर्न बुझाउन पटकपटक मौखिक एवं लिखित रूपमा जानकारी गराउँदा पनि संस्थाको लिनुपर्ने रकम तिर्न बुझाउन नआएको हुँदा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस संस्थाको ऋण व्यवस्थापन नीति- २०७९ को दफा ५० बमोजिम ऋण तिर्न बुझाउन ताकेता गर्न जाँदा सम्पर्कसमेत नभएकोले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यस प्रकाशित सूचनाअनुसार संस्थामा तिर्नु बुझाउनुपर्ने सावाँ, ब्याज, जरिवाना तथा अन्य दस्तुरसमेत तिरी चुक्ता गर्न नआएमा कालो सूचीमा समावेस गरी कानुनी प्रक्रियाद्वारा देहायबमोजिमका ऋणीहरूको अचल श्रीसम्पत्ति रोक्का तथा लिलाम गरी संस्थाको लेना रकम असुलउपर गरिनेछ । ऋणी सदस्यबाट ऋण असुल नभएमा जमानी बस्ने सदस्यहरूबाट ऋण असुलउपर गरिने यसै सूचनाबाट जानकारी गराइन्छ ।

| क्र.स. | सदस्य ऋणीको नाम थर | व्यवसायको ठेगाना तथा हालको ठेगाना | स्थाई ठेगाना | बाबु/पतिको नाम | बाजे/ससुराको नाम |
|---|---|---|---|---|---|
| १. | सन्तुराम भट्टराई | सल्लाघारी भ.न.पा.१ | हिलेखर्ग, इन्द्रायणी पोखरी-०६, खोटाङ | तारानाथ भट्टराई | कवि कुलकेशर भट्टराई |
| २. | पुष्पराम श्रेष्ठ | रामदेवी कम्प्लेक्स ग:पलि, भ.न.पा.४ | (वम बहाल-१४ साबिक) का.म.न.पा. | विष्णुकृष्ण श्रेष्ठ | रामकृष्ण श्रेष्ठ |
| ३. | मेनुका अधिकारी | सल्लाघारी, भ.न.पा.१ | सिस्नेरी-०७, मकवानपुर | दानबहादुर अधिकारी | कविराज अधिकारी |
| ४. | सुशीलादेवी साह | सल्लाघारी-०१, भक्तपुर | सिराहा जिल्ला, राम नगर-०९, मिर्चैया | देवकृष्ण साह | शिवलाल साह |
| ५. | देव कृष्ण साह | सल्लाघारी-०१, भक्तपुर | सिराहा जिल्ला, राम नगर-०९, मिर्चैया | शिवलाल साह | रामप्रसाद साह |
| ६. | दिललक्ष्मी खड्गी | ब्यासी-०२, भक्तपुर | का.म.न.पा., (वडा नं ३० साबिक) असन | रत्नबहादुर साही | जितबहादुर साही |
| ७. | सबिता श्रेष्ठ | सल्लाघारी-०१, भक्तपुर | रामेछाप, भटौली, वडा नं ९ | कमलबहादुर श्रेष्ठ | दिलराज श्रेष्ठ |
| ८. | रमेशकुमार खड्का | सल्लाघारी-०१, भक्तपुर | रामेछाप जिल्ला, नामाडी-०८ | भक्तबहादुर खड्का | रत्नबहादुर खड्का |
| ९. | दीक्षा हुमागाई | सल्लाघारी-०१, भक्तपुर | ललितपुर-०३, घर भई हाल पेप्सीकोला | लक्ष्मण हुमागाई | विष्णु हुमागाई |
| १०. | चेतनाथ नेपाल | सल्लाघारी-०१, भक्तपुर | कुविन्डे-०४,चौतारा, सिन्धुपाल्चोक | कमलप्रसाद नेपाल | भगिरथ नेपाल |
| ११. | कमला गौतम | सल्लाघारी-०१, भक्तपुर | चिड्यादह-०८, चन्द्रपुर, रौतहट | गणेशबहादुर गौतम | भवनाथ गौतम |
| १२. | सनम त्यात | बागेश्वरी, वडा नं ४ | चोर्छें-०६, भक्तपुर | रत्नगोपाल त्यात | कृष्णलाल त्यात |
| १३. | रोजन भोखा | ब्यासी-०२, भक्तपुर | गोल्मढी-०७ भक्तपुर | हरिकृष्ण भोखा | हरि भोखा |
| १४. | लिलबहादुर घिसिङ | सृजनानगर-०१, भक्तपुर | सिमलि-०५, सिन्धुली | चन्द्रबहादुर घिसिङ | दुदे घिसिङ |

# पेट्रोलियम पदार्थको मूल्य घट्यो

काठमाडौँ, १७ असार । नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । निगम सञ्चालक समितिको मङ्गलबारको बैठकले पेट्रोल, डिजेल, मट्टितेल, हवाई इन्धन र खाना पकाउने एलपी ग्यासको मूल्य घटाएको हो ।

निगमले पेट्रोलमा प्रतिलिटर रु. २०, डिजेल र मट्टितेलमा प्रतिलिटर रु. ३० ले मूल्य घटाएको छ । यस्तै, हवाई इन्धन (आन्तरिकतर्फ) प्रतिलिटर रु. ४० र हवाई इन्धन (अन्तर्राष्ट्रियतर्फ) काठमाडौँका लागि प्रतिकिलोलिटर अमेरिकी डलर २६५ ले घटाइएको छ । खाना पकाउने एलपी ग्यासको मूल्यमा प्रतिसिलिन्डर रु. १०० कटौती गरिएको छ ।

नयाँ मूल्यसूचीअनुसार तेस्रो वर्गअन्तर्गत काठमाडौँ, पोखरा र दिपायलमा अब पेट्रोलको मूल्य प्रतिलिटर रु. १९७ र डिजेल तथा मट्टितेलको मूल्य प्रतिलिटर रु. १९५ कायम भएको छ । यसअघि यी क्षेत्रमा पेट्रोल प्रतिलिटर रु. २१७ र डिजेल प्रतिलिटर रु. २२५ रहेको थियो ।

यसैगरी, पहिलो वर्गअन्तर्गत चारआली, विराटनगर, जनकपुर, अमलेखगन्ज, भलवारी, नेपालगन्ज, धनगढी र वीरगन्जमा पेट्रोल प्रतिलिटर रु. १९४.५० र डिजेल प्रतिलिटर रु. १९२.५० कायम गरिएको छ । दोस्रो वर्गअन्तर्गत सुर्खेत र दाङमा पेट्रोलको मूल्य प्रतिलिटर रु. १९६ र डिजेलको मूल्य रु. १९४ तोकिएको छ ।

हवाई इन्धन (आन्तरिक) को नयाँ मूल्य प्रतिलिटर रु. २२९ कायम भएको छ । यस्तै, अन्तर्राष्ट्रिय हवाई इन्धनको मूल्य काठमाडौँका लागि अमेरिकी डलर १,५६६, पोखराका लागि डलर एक हजार १०० र भैरहवाका लागि डलर एक हजार ०८५ प्रतिकिलोलिटर कायम गरिएको छ ।

मूल्य कटौती भएसँगै उपभोक्ताले खाना पकाउने एलपी ग्यास प्रतिसिलिन्डर (१४.२ किलोग्राम) अब रु. दुई हजार ०६० मा प्राप्त गर्नेछन् । यसअघि ग्यासको मूल्य प्रतिसिलिन्डर रु. दुई हजार १६० रहेको थियो । अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा आएको उतारचढाव र इन्डियन आयल कर्पोरेसन (आइओसी) बाट प्राप्त नयाँ खरिद मूल्यबमोजिम स्वचालित मूल्य प्रणालीअनुसार मूल्य समायोजन गरिएको निगमले जनाएको छ । *(रासस)*

"आर्थिक समृद्धिका लागि बाराही सहकारी"

## श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.

Shree Barahi Saving & Credit Co-operative Society Ltd.

ACCESS BRONZE

भुलाँचा-४, भक्तपुर, फोन नं.: ०१-६६११३६४

## सूची दर्ता गर्नेबारे सूचना

**प्रकाशित मिति : २०८३/०३/१८**

यस श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. बाट आ.व. २०८३/०८४ को लागि आफ्ना सदस्यहरूलाई ऋण लगानी गर्न अचल सम्पत्ति मूल्याङ्कन गर्ने प्रयोजनका लागि धितो मूल्याङ्कनकर्ता फर्म/कम्पनीहरूको सूचिकृत गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक फर्म/कम्पनीहरूले लिने मूल्याङ्कन शुल्कको दररेटसमेत खुलाई निम्नबमोजिमको कागजातसहित यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस संस्थामा निवेदन दर्ता गराउन आह्वान गरिएको छ ।

**संलग्न गर्नुपर्ने कागजातहरू:**

१. निवेदन एकप्रति ।
२. फर्म/कम्पनीको दर्ता प्रमाणपत्र ।
३. स्थायी लेखा नं. दर्ता प्रमाणपत्र वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र ।
४. कम्पनीको प्रबन्धपत्र/नियमावली ।
५. कम्पनीको करचुक्ता प्रमाणपत्र ।
६. कम्पनीको प्रोफाइल ।
७. सूची दर्ता गर्नेसम्बन्धी कम्पनीको निर्णय र पत्र ।
८. धितो मूल्याङ्कनको लागि सम्बन्धित निकायबाट प्राप्त इजाजतपत्र ।
९. नेपाल भ्यालुयर्स एसोसिएसन (NVA) मा आबद्धता तथा नवीकरणपत्र ।
१०. धितो मूल्याङ्कनको नमुना मूल्याङ्कन प्रतिवेदन ।

**पुनश्च**: निवेदन शुल्कबापत रु.५००।- (अक्षरेपी पाँच सय रुपैयाँ) मात्र लाग्नेछ ।

**थप जानकारीको लागि संस्थामा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।**

# शोभा प्रधानको स्मृति सभा तथा अन्तरक्रिया कार्यक्रम



भक्तपुर, १७ असार । नेपाल क्रान्तिकारी महिला सङ्घ १ वडा सल्लाघारी प्रारम्भिक समितिको आयोजनामा शोभा प्रधानको चौथो स्मृति सभा तथा अन्तरक्रिया कार्यक्रम बुधबारभयो ।

उक्त कार्यक्रममा नेपाल क्रान्तिकारी महिला सङ्घका रामेश्वरी राजलवटले शोभा प्रधानको जीवनीबारे प्रकाश पार्नुभएको थियो । उहाँले देश र जनताको सेवामा निरन्तर लागेर विशेष गरी भक्तपुरका तल्लो वर्गका महिला दिदी बहिनीहरूलाई शिक्षित बनाउने र आफ्नो स्वास्थ्यप्रति विशेष ध्यान दिनको लागि घच्घच्याउने शोभा प्रधानबाट हामीले धेरै सिक्नु आवश्यक छ भन्नुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय कोषाध्यक्ष भई शोषित पीडित वर्गलाई माथि उठाउनुको निम्ति सधैँ अग्रसर भई लागिरहने शोभा प्रधानको योगदानबारे उहाँले चर्चा गर्नुभयो । उहाँले भन्नुभयो, "महिला दिदी बहिनीहरूलाई लाग्ने विभिन्न रोगबारे थाहा नहुने र रोग लुकाइराख्ने बानीले भविष्यमा स्वास्थ्यमा समस्या आउने भएकोले महिला रोगबारे सचेत गर्न उहाँ सधैँ लागिरहनु हुन्थ्यो ।"

नेपाल क्रान्तिकारी महिला सङ्घ भनपा १ सल्लाघारी प्रारम्भिक समितिका संयोजक शिवलक्ष्मी दुवालले २०४५ सालमा राज्यस्तरबाट रचिएको भक्तपुर काण्डको बेला शोभा प्रधानले महिला दिदी बहिनीहरूलाई सङ्गठित र सचेत पुऱ्याउने काम गरेको उहाँले बताउनुभयो । कार्यक्रममा रेणु राजलवटले पनि बोल्नुभएको थियो ।

"बचतको आधार भविष्यको पूर्वाधार"

## दियालो बचत तथा ऋण सहकारी संस्था लि.

Saving and Credit Co-operative Ltd.

सल्लाघारी, भ.न.पा.-१

"Lighting your Business"

सल्लाघारी, भक्तपुर-१ । फोन नं.: ०१-६६११२५५

## ऋण कर्जा चुक्ता गर्न ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८३/०३/१८**

यस संस्थाबाट तपसिलका ऋणीहरूले विभिन्न शीर्षकअन्तर्गत ऋण लिई उपभोग गरेकोमा ऋण/कर्जाको भुक्तानीसम्बन्धी सम्झौताका सर्तहरूअनुसार तिर्न बुझाउनु पर्ने सावाँ, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नुभएकोले कर्जाबापत बुझाउनुपर्ने सावाँ ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रूपमा पटकपटक ताकेता गर्दा समेत उक्त ऋण/कर्जा रकम सम्पूर्ण सावाँ ब्याज तथा हर्जना रकम चुक्ता भुक्तानी नगरी यस संस्थासँग भएको ऋणसम्बन्धी सर्त बन्देजहरू उल्लङ्घन गर्नुभएकोले यथाशीघ्र संस्थामा सम्पर्क गरी आफूले उपभोग गरेको ऋण/कर्जा सुविधाबापत सहकारीलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहुन यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा पनि ऋणको सावाँ, ब्याज तथा हर्जनासमेत नतिरेमा वा नबुझाएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, भक्तपुर नगरपालिकाबाट जारी भएको ऐन, नियम तथा संस्थाको विनियम तथा ऋण नीतिबमोजिम असुलउपर एवम् असुलउपर गर्दा अपुग भएको अवस्थामा चलअचल सम्पत्तिबाट एवम् धन जमानी दिने सदस्यहरूको निजी सम्पत्तिसमेतबाट कानुनबमोजिम असुलउपर हुने व्यहोरासमेत यसै सूचनामार्फत सूचित गराइन्छ ।

| क्र.स. | ऋणीको नाम, थर, ठेगाना | ऋणीको फोटो | क्र.स. | ऋणीको नाम, थर, ठेगाना | ऋणीको फोटो |
|---|---|---|---|---|---|
| १ | नाम : दिक्षा हुमागाई (दाहाल)<br>बाबुको नाम : इन्द्रप्रसाद दाहाल<br>बाजेको नाम : कपिलमनिप्रसाद दाहाल<br>ठेगाना : साबिक झौखेल गा.वि.स.-२, भक्तपुर<br>ना.प्र.नं. : २८-०१-०६५-०१२३२<br>जारी मिति : २०६५-०३-१६ |  | ६ | नाम : जेनिश कुम्पाख<br>बाबुको नाम : जयराम कुम्पाख<br>बाजेको नाम : नारायणभक्त कुम्पाख<br>ठेगाना : भक्तपुर न.पा.-०५<br>ना.प्र.नं. : २९-०१-७२-०२८९३<br>जारी मिति : २०७२-०६-१९ |  |
| २ | नाम : राधाकृष्ण धाँजु<br>बाबुको नाम : रामकुमार धाँजु<br>बाजेको नाम : गणेशलाल धाँजु<br>ठेगाना : साबिक बागेश्वरी गा.वि.स.- ९, भक्तपुर<br>ना.प्र.नं. : २९-०१-०६५-०११०८<br>जारी मिति : २०६४-०९-२६ |  | ७ | नाम : जिनेश्वरी नापित<br>बाबुको नाम : जीवन नापित<br>बाजेको नाम : रत्नदास नापित<br>ठेगाना : सूर्यमढी-९, भक्तपुर<br>ना.प्र.नं. : २००३<br>जारी मिति : २०४७-११-२५ |  |
| ३ | नाम : बिजेन्द्र नागा<br>बाबुको नाम : हरिराम नागा<br>बाजेको नाम : शेरबहादुर नागा<br>ठेगाना : भक्तपुर-११<br>ना.प्र.नं. : २९०१-०६५०५०७०<br>जारी मिति : २०६५-१२-१८ |  | ८ | नाम : राधेश्याम शिल्पकार<br>बाबुको नाम : चन्द्रबहादुर शिल्पकार<br>बाजेको नाम : काजीलाल शिल्पकार<br>ठेगाना : सल्लाघारी-१, भक्तपुर<br>ना.प्र.नं. : १७४३५ |  |
| ४ | नाम : राजन अवाल<br>बाबुको नाम : कृष्णभक्त अवाल<br>बाजेको नाम : कृष्ण अवाल<br>ठेगाना : टेखाचो-०३, भक्तपुर<br>ना.प्र.नं. : ६६६८ |  | ९ | नाम : कल्पना गाईजु<br>बाबुको नाम : कृष्णलाल कोपा<br>बाजेको नाम : हर्कलाल कोपा<br>ठेगाना : तुछिमला-८, भक्तपुर<br>(हाल भोलाछेँ-६, भक्तपुर)<br>ना.प्र.नं. : २९-०१-०६७-०३८५३<br>जारी मिति : २०६७-०६-०८ |  |
| ५ | नाम : रीता ध्वजु<br>बाबुको नाम : कृष्णराम सैजु<br>बाजेको नाम : बालकृष्ण सैजु<br>ठेगाना : भक्तपुर-०२, भक्तपुर<br>ना.प्र.नं. :२९-०१-०६७-०५२०२<br>जारी मिति : २०६७-०७-०८ |  | | | |

## हार्दिक समवेदना



जन्म
२००१/०४/०५

स्वर्गारोहण
२०८३/०३/०६

यस विद्यालयका संस्थापक सदस्य सुलोचना दुवालका पूजनीय ससुराबा **बिकुराम बोहजु**को दुःखद निधन भएको आज १३ औँ दिनको पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**हिमालयन इङ्लिश सेकेन्डरी स्कूल परिवार**
देकोचा, भक्तपुर

## हार्दिक समवेदना



जन्म : २००१/०४/०५
निधन: २०८३/०३/०६

यस समूहका सदस्य शिवराम बोहजुका पूजनीय बुबा **बिकुराम बोहजु**को दुःखद निधन भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**युवा समाज**
भक्तपुर-९

## सन्तुलित जनसंख्याः विकासको आधार

- जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- किशोर–किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं।

स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा